# गाउँ शिक्षा योजना

## (आर्थिक वर्ष २०८१/८२-२०८५/८६)

भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

पगनाथ, दैलेख

**प्रकाशक :** भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल ।

**प्रकाशन मितिः** २०८१ असोज

**सर्वाधिकारः** भगवतीमाई गाउँपालिका

**प्रकाशन प्रतिः**

भगवतीमाई गाँउपालिका

गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश

**मन्तव्य**

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई मौलिक हकको रुपमा आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको अनुसुची ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको उल्लेख गरेको छ । संविधान र कानूनले अंगिकार गरेको व्यवस्थालाई आत्मसाथ गर्दै समाज परिवर्तनको वहाक शिक्षालाई समय सापेक्ष, वैज्ञानिक, सीपमुलक तथा रोजगारमुलक बनाउनु आजको आवश्यकता हो । राज्यले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता, दिगो विकासको लक्ष्य, सोह्रौ योजना, भगवतीमाईको आवधिक पञ्चवर्षिय योजना, विद्यालय शिक्षा क्षेत्र योजना लगायतका मुल नीतिलाई मार्गदर्शकको रुपमा लिई भगवतीमाई गाउँपालिकाले पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरेको छ ।

यसै सन्दर्भमा भगवतीमाई गाउँपालिकाको शैक्षिक प्रणालीलाई सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नका लागि सबैभन्दा पहिला विद्यालय पहुँच भन्दा बाहिर रहेका बालवालिकाहरुलाई विद्यालयभित्र ल्याउनु, विद्यालय शिक्षाको गुणस्तरमा सुधार गर्नु, सिकाइ उपलव्धी वृद्धि गर्नु, प्रविधिमैत्री शिक्षा, विद्यालयमा सुशासन, शिक्षकहरुको क्षमता विकास, भौतिक पूर्वाधारका संरचना निर्माण र शिक्षामा अधिकतम लगानी वृद्धि गर्नु जस्ता कुराहरुलाई प्राथमिकतामा राख्नु आजको आवश्यकता हो ।

यस गाउँ शिक्षा योजना पूर्णरुपमा कार्यान्वयन गरी भगवतीमाई गाउँपालिकालाई पाँच वर्षमा यसले लिएका लक्ष्य र उद्देश्य पुरा भई शैक्षिक गन्तव्यको रुपमा विकास हुने कुरामा विश्वस्त रहेको छु । यस भगवतीमाई गाउँपालिकाको शिक्षा योजना निर्माणिका क्रममा छुटेका विषय तथा योजना कार्यान्वयनको क्रममा देखिएका विभिन्न समस्याको समाधान गर्दै प्राप्त हुन आएका सकारात्मक सुझावहरुलाई समेत समेटदै पूर्णरुपमा कार्यान्वयन सरोकारवाला सबैको पुर्ण अपेक्षा गर्दछु। यस योजना निर्माण कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने शिक्षा, यूवा तथा खेलकुद शाखा लगायत सहयोगी निकाय तथा व्यक्तिहरुलाई हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्न गर्दछु ।धन्यवाद

१२ असोज, २०८१

गणेश बहादुर थापा

अध्यक्ष

# भगवतीमाई गाँउपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पगनाथ, दैलेख

**कर्णाली प्रदेश**

## मन्तव्य

शिक्षा विकासको आधार स्तम्भ हो । शिक्षाको विकास विना देश विकास सम्भव छैन । शिक्षाबाट नै समाज रुपान्तरण सम्भव छ । भगवतीमाई गाउँपालिका व्यवस्थित र प्रभावकारी रुपमा शिक्षाको विकासमा प्रयासरत रहेको छ। शैक्षिक गुणस्तरका साथै आधारभूत तहसम्मको शिक्षाको सबैलाई अनिवार्य र नि:शुल्क प्रत्याभूति दिलाउन भगवतीमाई गाउँपालिका क्रियाशील रहेको छ । शिक्षामा गरिएको लगानीलाई परिणाममुखी बनाउन सबै जिम्मेवार हुनुपर्ने अहिलेको आवश्यकता हो । सबैलाई शिक्षाको पहुँचमा ल्याउन तथा युग सुहाउदो शैक्षिक गुणस्तर कायम गर्न सरोकारवालाको सहभागिता र अपनत्वको खाँचो रहेको छ ।

भगवतीमाई गाउँपालिको वास्तविक शैक्षिक अवस्था र आगामी योजनाको मार्गदर्शकका रूपमा यो पञ्चवर्षीय गाउँ शिक्षा योजना निर्माण गरिएको छ । यसमा भगवतीमाई गाउँपालिका क्षेत्रको मानवीय, शैक्षिक, आर्थिक, भौतिक अवस्था लगायतका पक्षसँग सम्बन्धित लक्ष्य, रणनीति, कार्यनीति तय गरिएको छ । यसले शिक्षासँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्न महत्त्वपूर्ण आधार प्रदान गर्ने छ । गाउँ कार्यपालिकाबाट स्वीकृत यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि सहयोगका लागि सम्पूर्ण सरोकारवालाहरुलाई आह्वान गर्दछु ।

शिक्षा योजना निर्माणका क्रममा रचनात्मक सल्लाह तथा सुझाव दिनुहुने महानुभावहरु, शैक्षिक सूचना तथा तथ्याङ उपलब्ध गराउने शिक्षा शाखा, विद्यालय, आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउने संघसंस्था तथा निरन्तर रुपमा खटिई योजना निर्माणको काम गर्नुहुने पदाधिकारी, कर्मचारी, शिक्षक सबैमा विशेष आभार प्रकट गर्दछु ।

धन्यवाद !

१२ असोज, २०८१

मीना कुमारी खड्का
उपाध्यक्ष

## हाम्रो भनाइ

नेपालको संविधानले शिक्षालाई मौलिक अधिकारको रुपमा स्थापित गर्दै आधारभूत शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । साथै आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको सूचीमा राखेको छ । यस व्यवस्थाले बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रधान गर्न स्थानीय तहलाई शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा अनुगमनका लागि जिम्मेवार बनाएको छ ।नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११ (ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकारहरुको कार्यान्वयनका लागि सम्बन्धित सरोकारवाला निकाय संघसंस्था तथा बुद्धिजीवीहरुबाट प्राप्त सुझाव तथा पृष्टपोषण समेतका आधारमा यस गाउँपालिकाको शैक्षिक आवश्यक्ता परिपुर्तिका लागि यो योजना निर्माण गरिएको छ ।

शैक्षिक गुणस्तरमा सुधार ल्याउन यस योजनामा शिक्षासंग सम्बन्धित प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ मुख्य प्राथमिकताका क्षेत्रहरु रहेका छन् भने पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास शिक्षा, समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानशिलता, विद्यालय भौतिक पुर्वाधार, विकास विद्यालयमा सूचना तथा सञ्चार प्रविधि जस्ता विषयलाई पनि उत्तिकै प्राथमिकताका साथ राखिएको छ ।त्यसैगरी शैक्षिक सुशासन तथा व्यवस्थापनको विषय पनि समावेश गरिएको छ । यस योजनाको प्रभावकारी कार्यान्वयनका लागि सम्बद्ध सरोकारवालाहरुको सहयोगको अपेक्षा गरिएको छ ।

यस योजनाको निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउनु हुने सोसेक नेपाल र किर्डाक नेपाल र USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम, रचनात्मक सुझाव उपलब्ध गराउनु हुने जनप्रतिनीधि, बुद्धिजीवी, शिक्षाप्रेमी, शिक्षक, अभिभावक, विद्यार्थी सबैलाई हार्दिक आभार दिन चाहन्छौ ।

धन्यवाद !

१२ असोज,२०८१

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा युवा तथा खेलकुद शाखा
पगनाथ, दैलेख

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| वि.व्य.स | : | विद्यालय व्यवस्थापन समिति |
| प्रा.स | : | प्राविधिक सहायक |
| रा.प.द्वि | : | राजपत्रांकित द्वितीय |
| शि.अ.सं | : | शिक्षक अभिभावक संघ |
| CB-EGRA | : | Classroom Based Early Grade Reading Assessment |
| CEHRD | : | Center For Education and Human Resource Development |
| ECD | : | Early Childhood Development |
| EMIS | : | Educational Management Information System |
| ICT | : | Information and Communication Technology |
| PMEC | : | Prioritized Minimum Enabling Condition |
| ReAL | : | Recovery and Accelerated Learning |

विषयसूची

**योजनाको सारांश** ........ 1

**परिच्छेद १: परिचय** ........ 6

१.१ बर्तमान अवस्था ........ 6
१.२ मुख्य समस्याहरु तथा चुनौतीहरु ........ 12
१.३ शिक्षा क्षेत्रका चुनौतीहरू ........ 13
१.४ अवसर ........ 14

**परिच्छेद- २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ 15

२.१ स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरु ........ 15
२.२ दुरदृष्टिः ........ 19
२.३ लक्ष्य ........ 20
२.४ उद्देश्य ........ 20
२.५ रणनीतिहरू ........ 20
२.६ कार्यनीतिहरू ........ 21
२.७ अपेक्षित उपलब्धि ........ 26
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ 26

**परिच्छेद ३: विद्यालय क्षेत्रेका मुख्य उपक्षेत्र** ........ 34

३.१ प्रारम्भिक बालविकास र शिक्षा ........ 34
३.२ आधारभूत शिक्षा ........ 39
३.३ माध्यमिक शिक्षा ........ 46
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ........ 53
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ........ 57

**परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र** ........ 61

४.१ पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कन ........ 61
४.२ शिक्षक व्यवस्थापन र विकास ........ 66
४.३ शैक्षिक समता र समावेशीकरण ........ 74
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ........ 82
४.५ विद्यालय सुरक्षा विपत् न्यूनिकरण तथा उत्थानशीलता ........ 88
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ........ 94
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........ 99

**परिच्छेद ५: सुशासन तथा व्यवस्थापन** ........ 105

**५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास** ........ 105

५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ 110

**परिच्छेद ६:लगानी र स्रोत व्यवस्थापन** ........ 113

**परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन** ........ 127

अनुसुचीहरु ........ 133

**सन्दर्भ सामग्रीहरू** ........ 133

## योजनाको सारांश

यो गाउँ शिक्षा क्षेत्र योजना (०८१/८१-०८५/८६) यस गाउँपालिकाको शिक्षाको कुनै तहको मात्रै योजना नभइ यो शिक्षा क्षेत्रको समग्र योजना हो । यसको पहिलो परिच्छेदमा योजनाको परिचय, दोस्रो परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, लक्ष्य, तथा क्षेत्रगत रूपमा उद्देश्य र रणनीति समावेश गरिएको छ । यसैगरी तेस्रो परिच्छेदमा विद्यालय शिक्षा क्षेत्रका उपक्षेत्रहरु प्रारम्भिक बालविकास तथा शिक्षा , आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ र चौथो परिच्छेदमा शिक्षाका उपक्षेत्रसंग अन्तरसम्बन्धित विषयवस्तुका रूपमा पाठ्यक्रम पाठ्यसामग्री तथा मूल्याङ्कन शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम विद्यालय सुरक्षा विपद् न्यूनिकरण तथा उत्थानीलता, विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विकास लगायतका क्षेत्रलाई समेटिएको छ । यसभित्र विषयवस्तुको विश्लेषण गर्दा हरेक क्षेत्रभित्र परिचय, वर्तमान अवस्था, चुनौती र अवसर, उद्देश्य, रणनीतिहरू, अपेक्षित उपलब्धि, प्रमुख क्रियाकलाप तथा लक्ष्यलाई क्रमिक रूपमा समेटिएको छ यसैगरी पाचौं परिच्छेदमा सुशासन तथा व्यवस्थापन, शिक्षाको व्यवस्थापन तथा क्षमता विकास स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धलाई समेटिएको छ ।भने छैठौ परिच्छेदमा लगानी तथा स्रोत व्यवस्थापन र सातौ परिच्छेदमा अनुगमन तथा मूल्याङ्कनलाई समावेश गरिएको छ ।

यस पञ्चवर्षीय योजनाले अवको पाँच वर्षभित्र भगवतीमाई गाउँपालिकाको शिक्षामा उल्लेखनीय विकास गर्ने लक्ष्य लिएको छ । योजनाले समतामूलक पहुँच र पूर्ण सहभागिताको सुनिश्चितता, समग्र विद्यालय शिक्षाको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि, शिक्षाका वैकल्पिक मार्गको सुदृढीकरण र तिनको औपचारिक शिक्षासँग सम्बन्ध स्थापना, सुशासनको प्रवर्द्धन, सेवा प्रवाहको प्रभावकारिताको सुनिश्चितता जस्ता उद्देश्यहरू पुरा गर्नका लागि रणनीतिहरू तय गरेको छ । पञ्चवर्षीय योजना निर्माण गर्दा पहुँच तथा सहभागिता, समानता र समावेशीता, गुणस्तर एवम् सान्दर्भिकता, अनौपचारिक शिक्षा तथा निरन्तर शिक्षाका लागि वैकल्पिक मार्ग, विपद् एवम् संकटमा शिक्षा, सुशासन, व्यवस्थापन र समन्वय जस्ता कुरालाई ख्याल गरिएको छ ।

सबै विद्यालयमा पुग्नेगरी पक्की कक्षा कोठा व्यवस्थापन, सम्पूर्ण विद्यालयमा तहगत तथा कक्षा ५ सम्म कक्षागत पुस्तकालय, सबै विद्यालयमा विद्युतीकरण र इन्टरनेट व्यवस्थापन, सबै विद्यालयमा स्वच्छ पिउने पानी, बाल विकासका लागि छुट्टै शौचालय, छात्रा र छात्राका लागि छुट्टाछुट्टै र पर्याप्त पानी सहितका शौचालय, आधारभूत विद्यालयका माथिल्ला कक्षा र माध्यमिक विद्यालयहरूमा विज्ञान, गणित जस्ता विषयगत ल्याब, सबै विद्यालयका प्रारम्भिक कक्षामा बालमैत्री

बसाइ व्यवस्थापन र छापामय वातावरण, बालविकासमा व्यवस्थित बसाइ व्यवस्थापन र नमुना बालविकास बनाउन बसाइ व्यवस्थापन गर्ने जस्ता क्रियाकलाप समेटिएको छ ।

यसैगरी शिक्षकहरूलाई पर्याप्त पेसागत तथा क्षमता विकास तालिम, शैक्षिक अवलोकनको अवसर, पढाइ मेला गर्ने, आधारभूत विद्यालय र प्राथमिक विद्यालय विकास गर्न मापदण्ड तयारी तथा कार्यान्वयन, प्रविधिमैत्री शिक्षाका लागि डिजिटल सामग्री प्रदान, परीक्षालाई पालिका स्तरीय बनाउने, वार्षिक शैक्षिक अन्तरक्रिया गर्ने, शिक्षकहरूको क्षमता विकासका लागि शिक्षकहरूको अतिरिक्त क्रियाकलाप गर्ने योजना अघि सारेको छ । यसैगरी दरबन्दी मिलान र कक्षा समायोजन मार्फत सिकाइमा सुधार ल्याउने जस्ता योजनाहरू समेटिएको छ।

यस योजनाको कार्यान्वयनका लागि तिनै तहका सरकारको लगानी सहित शिक्षामा भगवतीमाई गाउँपालिकामा पाँच वर्षका योजनाको लागि कुल .....करोड ......लाख ........बजेट अनुमान गरिएको छ । कुल अनुमानित लागत र हालको अवस्था लाई अध्ययन गरी श्रोत आँकलन गर्दा ........ प्रतिशत बजेट अपुग हुने देखिन्छ । जसका लागि स्रोत पहिचान तथा गर्नुपर्ने देखिन्छ ।

यसरी यस योजनाको प्रभावकारी कार्यान्वयन पश्चात् हासिल हुने अपेक्षित उपलब्धिमा चार वर्ष उमेर पुरा भएका सबैलाई प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम मार्फत कक्षा १ का लागि तयारी, पाँच देखि १२ वर्षका सबै बालबालिका विद्यालयमा भर्ना र आधारभूत तहको पूर्ण चक्र पुरा, विद्यार्थीको समग्र उपलब्धिमा उल्लेखनीय सुधार, सबै प्रकारका विभेदको न्यूनीकरण, प्राविधिक शिक्षा सुदृढीकरण, योग्यता प्राप्त शिक्षकको पर्याप्तता साथै योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षक, शिक्षक तथा विद्यार्थी दुवैद्वारा प्रविधिको उपयोग तथा हरेक समयमा सिकाइ निरन्तरताको सुनिश्चितता जस्ता पक्षहरूलाई समेटिएको छ ।

### (क) विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यन्वयन गरी अपेक्षित रुपमा नतिजा हासिल गर्न एवम् शिक्षामा पहुँच, गुणस्तर, सहभागिता समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपुर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । त्यसैगरी प्रदेशस्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यान्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भए पश्चात आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भईरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटा स्थानीय तहले संघीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यक्ता रहेको छ।

### (ख) शिक्षा योजना निर्माणको आवश्यक्ता र औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली दिगो विकासका लक्ष्य, सौह्रौ पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानूनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई संघीय संरचना अनुरुप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न संघ, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्राविधि क्षेत्रमा भएको विकास तथा परिवर्तनलाई आत्मसात गर्न र श्रृजनशील सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणाली सुधार गर्नु पर्ने देखिएको छ ।

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ११ (ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाका अधिकार तोकेको छ ।यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यन्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यन्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहिन, सिमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्युनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको

गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय १० वर्ष विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैका आधारमा प्रदेशस्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भई रहेका छन् । यसै परिवेशमा भगवतीमाई गाउँपालिकाले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्न आवश्यकतालाई महसुस गरी यो योजना निर्माण गरेको छ ।

**(ग) स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

१. तीनै तहमा बनेका शिक्षा योजनाका बीचमा लम्बीय र क्षितिजिय सहसम्बन्ध स्थापित गर्न
२. संघ र प्रदेशबाट प्रदान गरिने स्रोतहरुलाई योजनामा आधारित बनाई व्यवस्थापन परिचालन र उपयोग गर्न
३. कार्यक्रम र स्रोतमा देखिएको अभाव दोहोरोपना स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्युनिकरण गर्ने
४. साझा विषयमा लागत साझेदारी समन्वय र सहकार्यालाई प्रभावकारी बनाउनु
५. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिवद्धता हासिल गर्न सहयोग पुर्‍याउन

**(घ) शिक्षा योजना निर्माणका आधारहरु**

यस भगवतीमाई गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ ।

१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. संघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन,२०७७)
५. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७
६. स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९
७. भगवतीमाई गाउँपालिकाको शिक्षा ऐन, २०७९
८. शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९
९. विद्यालय शिक्षा क्षेत्र योजना
१०. सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना
११. राष्ट्रिय शिक्षा नीति, २०७६
१२. शिक्षाको सोचपत्र, २०७९
१३. विद्यालय शिक्षामा समता रणनीति

१४.दिगोविकास लक्ष्य राष्ट्रिय कार्यढाँचा

१५. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,२०७८

१६. भगवतीमाई गाउँपालिकाको आवधिक योजना

१७. राष्ट्रिय जनगणना,२०७८ प्रतिवेदन

१८.विद्यालय सुधार योजना

१९.भगवतीमाई गाउँपालिकाको शैक्षिक स्थीति प्रतिवेदन २०८०

**(ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

यस शिक्षा योजना निर्माणका लागि भगवतीमाई गाउँपालिकाका अध्यक्ष एवं गाउँशिक्षा समितिका अध्यक्षको संयोजकत्वमा योजना निर्माण मुल समिति गठन गरिएको थियो ।उक्त समितिको मातहत रहने गरी विभिन्न विषयका विज्ञ, शिक्षक तथा स्रोतव्यक्ति शिक्षा क्षेत्रमा काम गर्ने गैर-सरसकारी संघसंस्थाहरुको प्रतिनिधित्व हुने गरी विषयगत उपसमिति गठन गरिएको थियो ।

यस गाउँपालिकाको आयोजना, सोसेक नेपाल र किर्डाकको आर्थिक सहयोग र USAID प्रारम्भिक कक्षा सिकाइको प्राविधिक सहयोगमा सरोकारवालाहरुका लागि शिक्षा योजना निर्माण सम्बन्धी क्षमता विकास तथा छलफल गरिएको थियो । शिक्षा शाखाको नेतृत्वमा विज्ञहरुको सहभागितामा योजनाको प्रारम्भिक मस्यौदा तयार गरी सरोकारवालाहरुको सुझाव सङ्कलन तथा पृष्ठपोषण लिइ अन्तिम मस्यौदा तयार गरिएको थियो । बाह्यविज्ञहरुद्वारा यस योजनाको लेखाजोखा गराई प्राप्त सुझावलाई समेत योजनामा समायोजन गरी तयार पारिएको योजनाको अन्तिम मस्यौदा स्वीकृति तथा कार्यान्वयनका लागि गाउँकार्यापालिकामा पेस गरिएको थियो । गाउँ कार्यापालिकाको मिति २०८१।०६।२८ को बैठकबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ ।

# परिच्छेद १: परिचय

## १.१ बर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्थिति

कर्णाली प्रदेशमा रहेको दैलेख जिल्लामा नारायण नगरपालिका, दुल्लु नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिका र आठबीस नगरपालिका गरी ४ वटा नगरपालिका तथा भगवतीमाई गाउँपालिका, गुराँस गाउँपालिका, डुङ्गेश्वर गाउँपालिका, नौमुले गाउँपालिका, महाबु गाउँपालिका, भैरबी गाउँपालिका र ठाँटीकाँध गाउँपालिका गरी ७ वटा गाउँपालिका समेत जम्मा ११ वटा स्थानीय तह रहेका छन् ।यो गाउँपालिका विश्व मानचित्रमा २८°४९'३३" उत्तरी अक्षांश र ८१°४६'३९" पूर्वी देशान्तरमा फैलिएको छ भने समुन्द्री सतहबाट ८८५ मिटर देखि ३९०० मिटरको उचाईमा रहेको छ । यस गाउँपालिकाको केन्द्र रहेको बेस्तडा बजार समुन्द्री सतहबाट १००० मिटरको उचाईमा कट्टि खोलाको किनारामा अवस्थित रहेको छ । कुल १५१.५२ वर्ग किलोमिटरमा फैलिएको क्षेत्रफल रहेको यस गाउँपालिकाको हावापानी समशीतोष्ण रहेको छ ।कुल भू भागमध्ये ८० प्रतिशत भूभाग भिरालो रहेको छ । पहाड, लेक र डाडाकाँडाहरु रहेको यस गाउँपालिकाको पूर्वमा जाजरकोट जिल्लाको जुनीचाँदे गाउँपालिका र छेडागाड नगरपालिका, उत्तरमा दैलेख जिल्लाको नौमुले गाउँपालिका, पश्चिममा डुङ्गेश्वर गाउँपालिका र नारायण नगरपालिका र दक्षिणमा गुराँस गाउँपालिका, र जाजरकोट जिल्लाको शिवालय गाउँपालिका रहेका छन् । ३ नं वडा स्थित भगवतीमाई मन्दिरको नामबाट यस गाउँपालिकाको नाम भगवतीमाई राखिएको हो ।

### १.१.२ जनसङ्ख्याको अवस्था

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार भगवतीमाई गाउँपालिकाको कुल जनसङ्ख्या १८२०६ रहेको छ भने जम्मा परिवार सङ्ख्या ३५५० रहेको देखिन्छ । जम्मा जनसङ्ख्या मध्ये ९१८९ महिला र ९०१७ पुरुषहरूको सङ्ख्या रहेको छ । जस अनुसार लैङ्गिक अनुपात ९८.१३ पुरुष प्रति १०० महिला रहेको छ । यस गाउँपालिकामा अपाङ्गता भएकाहरूको जनसङ्ख्या ... प्रतिशत रहेको छ ।

**तालिका नं १**

**वडागत जनसङ्ख्या विवरण**

| वडा नं | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | १२९७ | १२१८ | २५१५ | १३.८१ | |
| २ | १२०० | १११५ | २३१५ | १२.७२ | |
| ३ | १५११ | १५०७ | ३०१८ | १६.५७ | |
| ४ | १२४८ | १२९४ | २५४२ | १३.९६ | |
| ५ | १०७३ | १०६९ | २१४२ | ११.७७ | |

| वडा नं | महिला | पुरुष | जम्मा | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| ६ | १५७५ | १५७४ | ३१४९ | १७.३० | |
| ७ | १२८५ | १२४० | २५२५ | १३.८७ | |
| जम्मा | ९१८९ | ९०१७ | १८२०६ | १०० | |

राष्ट्रिय जनगणना २०७८

यसै गरी वडा नं ६ मा सबै भन्दा बढी अर्थात ३१४९ जनसङ्ख्या रहेको छ भने वडा नं ५ मा सबै भन्दा कम अर्थात २१४२ जनसङ्ख्या रहेको छ ।

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्था

राष्ट्रिय जनगणना,२०७८ अनुसार यस गाउँपालिका क्षेत्रमा देहायका जातजातिका मानिसहरुको बसोबास रहेको छः

**तालिका नं २**

**जातजातिगत विवरण**

| क्र.स | जातीय वर्गिकरण | प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | क्षेत्री | ४३.३ | |
| २ | विश्वकर्मा | २८.३ | |
| ३ | ठकुरी | १४ | |
| ४ | ब्राह्मण-पहाडी | ६.६ | |
| ५ | परियार | ४.२ | |
| ६ | मगर | २.२ | |
| ७ | मिजार | ०.५ | |
| ८ | सुनार | ०.४ | |
| ९ | वादी | ०.३ | |
| १० | अन्य | ०.१ | |

यस गाउँपालिकामा सबैभन्दा बढी ४३.३ प्रतिशत क्षेत्री समुदाय र सबैभन्दा कम ०.३ वादी समुदाय मानिसहरुको बसोबास रहेको देखिन्छ ।त्यसै गरी धार्मिक रुपमा ९७.८ हिन्दु ०.४ क्रिष्चियन र १.७५ अन्य धर्म मान्ने मानिसहरु रहेका छन् ।अधिकांश मानिसहरुले हिन्दु धर्ममा आधारित चाडपर्व तथा उत्सवहरु मनाउछन् ।लहरे पैंचेरी, मयुर नाँच,गर्रा नाँच आदि यहाँका मौलिक नाँच र ठाडीभाका गीतहरु हुनु ।

### १.१.४ आर्थिक अवस्था

प्राकृतिक हिसाबले यो गाउँपालिका वन तथा खनिज पदार्थ लगायत प्राकृतिक स्रोतमा धनी गाउँपालिकाको रूपमा परिचित छ । हालसम्म परम्परागत खेतीमा आधारित रहेको तर विषादी

रहित खेती प्रणाली अङ्गालेको यस गाउँपालिकाको खेतीयोग्य जमिन एक चौथाइ भाग मात्र रहेको छ भने बाँकी भाग बनजङ्गल तथा भिरपाखाले ढाकेको छ । यहाँको माथिल्लो भागमा हिउँ पर्ने पहाडी भाग पनि भएको हुँदा यस गाउँपालिकाको मौसम चिसो हुने गर्दछ । खेतीयोग्य जमिन प्रशस्त भए तापनि यहाँ सिँचाई लगायतका कृषकहरूका लागि आधुनिक सुविधाहरू पर्याप्त नभएको हुँदा आकाशे खेतीमा निर्भर कृषकहरूले सोचे अनुरूप उत्पादन गर्न सकिरहेका छैनन । परम्परागत कृषि, पशुपालन र पुरानै प्रकृतिका उद्यमशीलतामा बढी मात्रामा निर्भर रहने भएको हुँदा गाउँपालिकावासीको दैनिक जीवन कष्टकर नै रहेको छ । सामान्यतया वर्षभरीको उत्पादनले मुस्किलले ६ महिना खाना पुग्ने र रोजगारीका अन्य विकल्पहरू केही नभएको हुँदा सामान्यतया यहाँको समुदाय दैनिक ज्याला मजदुरी जस्ता वैकल्पिक जीविकोपार्जनमा निर्भर हुने गरेको छ । यस गाउँपालिकामा रोजगारीका लागि निजामती सेवा, शिक्षण सेवा, सुरक्षा जस्ता निकायहरुमा प्रवेश बढेको छ भने वैदेशिक रोजगारीमा जाने युवाहरूको सङ्ख्या पनि बढ्दो क्रममा रहेको छ । भगवतीमाई गाउँपालिकाको वडा नं.१,२ र ४ को भू भागलाई पुष्पलाल मध्यपहाडी लोकमार्गले छोएको छ भने वडा नं. ३, ५,६ र ७ को भू भागलाई यस लोकमार्गले नछोए तापनि ७ वटै वडाको केन्द्र हुने गरी यो लोकमार्ग निर्माण भएको छ । यस लोकमार्गले भगवतीमाई गाउँपालिकाका जनताको आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सहयोग गरेको छ ।

### १.१.५ शैक्षिक अवस्थाः

शिक्षा देशको मेरुदण्ड हो । बर्तमानमा प्रदान गरेको शिक्षाले आगामी शताब्दीलाई प्रभाव पार्दछ । तीव्र विकासको आशा राखे बर्तमान समाजमा नवीनतम प्रविधिलाई अँगाल्दै विकासको गतिमा प्रतिस्पर्धात्मक क्षमता सहितको जनशक्ति उत्पादन गर्नका लागि शिक्षालाई नै भरपर्दो बनाउनु पर्छ भन्नेमा दुईमत छैन। विगतमा भएका प्रगति, बर्तमानमा गरिएका प्रयासले मात्र भविष्य सुखद बन्न सक्छ । शिक्षा क्षेत्रमा यस अघि सफल मानिएका विधि पद्धति तथा प्रमाणयोग्य तथ्यहरूलाई साथ लिएर शैक्षणिक गतिविधि अगाडि बढाउन नसक्ने हो भने विश्व बजारमा बिक्ने र टिक्ने जनशक्ति उत्पादन गर्न नसकिने पक्का जस्तै भइसकेको छ । नेपालको विद्यालय शिक्षालाई व्यवस्थित गर्न तहगत र कक्षागत उमेर समेत निर्धारण गरिएको छ । जसअनुसार प्रारम्भिक बालविकास ३ देखि ४ वर्ष, आधारभूत तहका लागि ५ देखि १२ वर्ष र माध्यमिक तहका लागि १३ देखि १६ वर्ष उमेर समूह निर्धारण गरेको छ । शैक्षिक हिसाबमा यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी जम्मा ३३ वटा शिक्षण संस्थाहरू सञ्चालित छन् ।यस गाउँपालिका अन्तर्गतका विभिन्न शैक्षिक सूचकको अवस्था तपसिलको तालिकामा प्रस्तुत गरिएको छ ।

<u>तालिका नं ३</u>

**शैक्षिक सूचकको अवस्था (२०८०) आधारभूत तह (CEHRD, Flash Report 2080 )**

| सूचक | २०८० को अवस्था | सूचक | २०८० को अवस्था |
|---|---|---|---|
| कुल भर्नादर (ECD) छात्रा | ७१.२ | कुल भर्नादर (१-५) छात्रा | १२१.२ |

| सूचक | २०८० को अवस्था | सूचक | २०८० को अवस्था |
|---|---|---|---|
| कुल भर्नादर (ECD) छात्र | ६५.७ | कुल भर्नादर (१-५ ) छात्र | १२१.८ |
| कुल भर्नादर (ECD) जम्मा | ६८.२ | कुल भर्नादर (१-५ ) जम्मा | १२१.५ |
| खुद भर्नादर (ECD) छात्रा | ६८.३ | खुद भर्नादर (१-५) छात्रा | ९५. |
| खुद भर्नादर (ECD) छात्र | ६१.६ | खुद भर्नादर (१-५ ) छात्र | ९४.३ |
| खुद भर्नादर (ECD) जम्मा | ६४.६ | खुद भर्नादर (१-५ ) जम्मा | ९४.६ |
| कक्षा १ को कुल भर्नादर छात्रा | १०४.२ | कुल भर्नादर (६-८ ) छात्रा | १२३.६ |
| कक्षा १ को कुल भर्नादर छात्र | १०६. | कुल भर्नादर (६-८ ) छात्र | ९३.१ |
| कक्षा १ को कुल भर्नादर जम्मा | १०५.१ | कुल भर्नादर (६-८ ) जम्मा | ९३.७ |
| कक्षा १ को खुद भर्नादर छात्रा | ९५.८ | खुद भर्नादर (६-८) छात्रा | ९४.५ |
| कक्षा १ को खुद भर्नादर छात्र | ९७. | खुद भर्नादर (६-८ ) छात्र | ९३.१ |
| कक्षा १ को खुद भर्नादर जम्मा | ९६.४ | खुद भर्नादर (६-८) जम्मा | ९३.७ |
| कुल भर्नादर (१-८ ) छात्रा | १२२.१ | खुद भर्नादर (१-८ ) छात्रा | १२२.१ |
| कुल भर्नादर (१-८ ) छात्र | ११५. | खुद कुल भर्नादर (१-८ ) छात्र | ११५. |
| कुल भर्नादर (१-८ ) जम्मा | ११८.४ | खुद कुल भर्नादर (१-८ ) जम्मा | ११८.४ |
| आधारभूत तह पार गर्ने दर छात्रा १-८ | ८३.३ | | |
| आधारभूत तह पार गर्ने दर छात्र १-८ | ८७.६ | | |
| आधारभूत तह पार गर्ने दर-जम्मा १-८ | ८५.६ | | |

## तालिका नं ४

### शैक्षिक सूचकको अवस्था (२०८०) माध्यमिक तह (CEHRD , Fash Report 2080)

| सूचक | २०८० को अवस्था | सूचक | २०८० को अवस्था |
|---|---|---|---|
| कुल भर्नादर (९-१०) छात्रा | ९१.३ | कुल भर्नादर (११-१२ ) छात्रा | ६८.८ |
| कुल भर्नादर (९-१०) छात्र | ८७ | कुल भर्नादर (११-१२ ) छात्र | ५६.५ |
| कुल भर्नादर (९-१०) जम्मा | ८९.२ | कुल भर्नादर (११-१२ ) जम्मा | ६२.९ |
| खुद भर्नादर (९-१०) छात्रा | ७४.४ | खुद भर्नादर (११-१२ ) छात्रा | ३५.२ |
| खुद भर्नादर (९-१०) छात्र | ७८.६ | खुद भर्नादर (११-१२ ) छात्र | ३३.७ |
| खुद भर्नादर (९-१०) जम्मा | ७६.४ | खुद भर्नादर (११-१२ ) जम्मा | ३४.५ |

## तालिका नं ५

### तहगत कक्षा दोहोर्याउने दर (Repetition Rate)

| स्थानीय तह | कक्षा १-५ छात्रा | कक्षा १-५ छात्र | कक्षा १-५ जम्मा | कक्षा ६-८ छात्रा | कक्षा ६-८ छात्र | कक्षा ६-८ जम्मा | कक्षा ९-१० छात्रा | कक्षा ९-१० छात्र | कक्षा ९-१० जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा दोहोऱ्याने दर | १६.३ | १४.४ | १५.३ | २.७ | ५.३ | ४.१ | १.६ | ३.४ | २.४ |
| दैलेख | ११.३ | ११.३ | ११.३ | ६.७ | ७.३ | ७.० | २.१ | २.८ | २.५ |
| | | | | | | | | | |

## तालिका नं ६

### तहगत कक्षा उत्तीर्ण दर (Promotion Rate)

| तहगत कक्षा उत्तीर्ण दर | कक्षा १-५ छात्रा | कक्षा १-५ छात्र | कक्षा १-५ जम्मा | कक्षा ६-८ छात्रा | कक्षा ६-८ छात्र | कक्षा ६-८ जम्मा | कक्षा ९-१० छात्रा | कक्षा ९-१० छात्र | कक्षा ९-१० जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | ७४.६६ | ७४.६७ | ७४.६४ | ९०.८३ | ८८.४४ | ८९.६१ | ९१.२२ | ८९.६२ | ९०.४५ |
| दैलेख | ८२.३६ | ८१.७५ | ८२.०४ | ८७.१६ | ८६.६० | ८६.८७ | ९३.११ | ९२.१९ | ९२.६५ |

## तालिका नं ७

### तहगत बिद्यालय छोड्ने दर (Drop out Rate)

| | कक्षा १-५ छात्रा | कक्षा १-५ छात्र | कक्षा १-५ जम्मा | कक्षा ६-८ छात्रा | कक्षा ६-८ छात्र | कक्षा ६-८ जम्मा | कक्षा ९-१० छात्रा | कक्षा ९-१० छात्र | कक्षा ९-१० जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कक्षा छोड्ने दर | ४.५१ | ५.९४ | ५.२५ | २.६२ | २.६४ | २.६३ | २.९४ | २.८० | २.८८ |
| **दैलेख** | २.८२ | ३.२१ | ३.०२ | २.३८ | २.६४ | २.५२ | १.९८ | २.२९ | २.१४ |

भगवतीमाई गाउँपालिकाको शैक्षिक स्थीति प्रतिवेदन २०८० अनुसार यस गाउँपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं ८

### विद्यालय विवरण

| क्र.स | विवरण | प्रकार | जम्मा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र | संघीय अनुदान | ३४ | |
| | | गाउँपालिका अनुदान | १ | |
| | | कुल जम्मा | ३५ | |
| २ | विद्यालयहरु | सामुदायिक | ३२ | |
| | | संस्थागत | १ | |
| | | कुल जम्मा | ३३ | |
| ३ | विद्यालय तह | आधारभूत तह (कक्षा १-३) | ८ | |
| | | आधारभूत तह (कक्षा १-५) | १० | |
| | | आधारभूत तह (कक्षा १-८) | ६ | |
| | | माध्यमिक तह (कक्षा १-१०) | ३ | |
| | | माध्यमिक तह (कक्षा १-१२) | ५ | |
| | | कुल जम्मा | ३२ | |
| ४ | सामुदायिक सिकाइ केन्द्र | संघीय अनुदानबाट सञ्चालित | ४ | |
| ५ | प्राविधिकधार सञ्चालित | बालीविज्ञान | १ | |

| क्र.स | विवरण | प्रकार | जम्मा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| | माध्यमिक विद्यालय | | | |

गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन अध्यापन गर्ने गराउने शिक्षण संस्थाको अभाव रहेको छ । हालसम्म गाउँपालिकाले गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्ने क्रममा नयाँ विद्यालय भवन निर्माण, पुराना जीर्ण भौतिक पूर्वाधार मर्मत सम्भार, तथा शिक्षक तालिमहरूको आयोजना गरिसकेको छ भने विद्यालयहरूलाई प्रविधिमैत्री बनाउने कार्यको लागि आवश्यक पहल निरन्तर गरिरहेको छ । त्यसरी नै बालबालिकाहरूलाई खेलकुदमा प्रोत्साहन गर्नका लागि खेल मैदानहरूको निर्माण तथा मर्मत कार्यलाई प्राथमिकताका साथ अघि बढाइएको छ । बालबालिकाहरूलाई शुद्ध खानेपानीको व्यवस्था गर्नका लागि विद्यालयमा खानेपानीका धारा जडान गरिएको छ भने किशोरी शिक्षालाई प्रोत्साहन गर्नका लागि विद्यालयमा छात्रामैत्री शौचालयहरू निर्माण कार्यलाई प्राथमिकता दिइएको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पुरुष साक्षरता दर ८२.७ र महिला साक्षरता दर ६९.१ गरी गाउँपालिकाको जम्मा साक्षरता ७५.८ रहेको देखिएको छ । त्यसै गरी ५ वर्ष माथिको जनसङ्ख्यामा पढ्न र लेख्न दुवै जानेका ७५.७९ प्रतिशत, पढ्न मात्र जानेका १.१० प्रतिशत र पढ्न र लेख्न दुवै नजानेका २३.०३ प्रतिशत रहेका छन् । ५ देखि २५ वर्षसम्म एस.एल.सी./एस.ई.ई. तहभन्दा मुनिको शैक्षिक तह उत्तीर्ण गरेको शैक्षिक तहअनुसार जनसङ्ख्या हेर्दा हाल अध्ययनरत ७७.४९ प्रतिशत, कम्तीमा एक पटक विद्यालय गएको १८.९४ प्रतिशत, कहिल्यै पनि विद्यालय नगएको ३.४२ प्रतिशत रहेको छ।
आधारभूत तथा माध्यमिक गरी १२ वटा विद्यालयमा विधुतीकरण भएको छ भने बाँकी विद्यालयहरुमा सौर्य उर्जा प्रणाली जडान गरिएको छ ।सवै माध्यमिक तह तथा २४ वटा आधारभूत विद्यालयमा इन्टरनेटको पहुँच पुगेको छ ।जम्मा १४ वटा विद्यालय कम्प्युटर तथा ICT सामग्री उपलब्ध भए तापनि २ वटा विद्यालय मात्र शिक्षण सिकाइमा कम्प्युटरको प्रयोग गर्न सक्ने अवस्थामा रहेका छन् ।

## १.२ मुख्य समस्याहरु तथा चुनौतीहरु

१. विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु
२. आधुनिक प्रविधिको विस्तार तथा शिक्षकको क्षमता विकास गर्न नसक्नु

३. स्थानीय परिवेशका कारण भैरहेको विद्यालय शिक्षक दरबन्दीलाई न्यायोचित वितरण गर्न कठिन
४. आधारभूत तहमा कक्षा छाड्ने र दोहऱ्याउने दर बढी हुनु
५. प्रर्याप्त, सुरक्षित र प्रयोगमैत्री भौतिक पुर्वाधारको विकास गर्न नसक्नु
६. अभिभावकलाई जिम्मेवार बनाउन नसक्नु
७. कक्षा १-३ का बालबालिकाहरुको पठन र गणितीय सीप औषतमा ५० प्रतिशत भन्दा कम रहनु
८. स्थानीय पाठ्यक्रम समयानुकूल परिमार्जन तथा स्थानीय पाठ्यसामग्रीको विकास गर्न नसक्नु ।
९. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु ।
१०. शिक्षक पेसागत विकास तथा सहयोग प्रणाली प्रभावकारी रुपमा कार्यान्वयन नहुनु ।
११. सरोकारवाला निकायद्वारा प्रभावकारी अनुगमन तथा सुपरीवेक्षण नुहुनु ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीहरू

१. गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
२. विद्यालय नक्सांकन तथा समायोजन गर्नु
३. विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन गर्नु
४. निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु
५. पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु
६. विपत् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु
७. जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु
८. उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु
९. विद्यालय शिक्षामा सुशासन कायम गर्नु देखिन्छ
१०. विद्यालय छोड्ने दर दिनप्रति दिन बढ्नु
११. बालविकास केन्द्रहरूमा बालमैत्री सिकाइ तथा खेलकुद र मनोरञ्जनको लागि पूर्वाधार र सुविधा उपलब्ध नहुनु
१२. आफ्ना बालबालिकाको शैक्षिक स्थीतिका बारेमा अभिभावकहरूमा यथोचित चासो नभएका कारण विद्यार्थीमा शिक्षाप्रति नकारात्मक सोच र अनुशासन विहीनताको अवस्था
१३. शिक्षक तथा विद्यार्थीको नियमितता नहुनु
१४. विज्ञान प्रयोगशाला, कम्प्युटर शिक्षक र सूचना प्रविधि साधनहरूको उपलब्धता नहुनु
१५. विद्यमान शिक्षा प्रणाली साक्षरता उन्मुख भएको तथा बजार र समयको माग अनुसारको जीवनोपयोगी, व्यावसायिक र रोजगारमूलक सीप प्रदान नगरिनु

## १.४ अवसर

भगवतीमाई गाउँपालिकाले अघि सारेका लक्ष्य तथा उद्देश्यहरू लाई हासिल गर्नका लागि देहायका अवसरहरू रहेका छन् ।

१. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
३. स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
४. गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
५. विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
६. सकरात्मक लैङ्गिक समता सूचकाङ्क
७. वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु
८. सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार
९. स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन
१०. स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण
११. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
१२. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
१३. तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
१४. मूल्याङ्कन प्रतिवेदन
१५. कार्यसम्पादनमा आधारित करार

## परिच्छेद- २ दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधारहरु

शिक्षाको विकासमा मुलुकको सामाजिक, सांस्कृतिक, आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्ख्यिक र शासकीय स्वरूपको प्रभाव हुन्छ जुन नेपालका सबै स्थानीय तहको आफ्नै किसिमको छ । स्थानीय तहको विविधता लाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरूको अहिले स्थानीय तहमा खाँचो छ । यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने देखिन्छ ।

नेपालको संविधानले समाजवाद उन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । स्थानीय तहले समतामूलक पहुँचको सुनिश्चितता मार्फत सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार पार्न शिक्षा योजना निर्माण गरी शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नुपर्ने हुन्छ ।

#### २.१.१ संवैधानिक प्रावधान

**(क) नेपालको संविधानको धारा ३१ भएको शिक्षा सम्बन्धी हकः**

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपी तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई साङकेतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**(ख) नेपालको संविधानको धारा ५१ को (ज) नागरिकका आधारभूत आवश्यक्ता सम्बन्धी नीतिः**

(१) शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमूखी बनाउदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,

(२) शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको नीजि क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने

(३) उच्च शिक्षालाई सहज, गुणस्तरीय, पहुँच योग्य बनाई क्रमश: निःशुल्क बनाउदै लैजाने

(४) नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सुचना केन्द्र र पुस्तकालयको स्थापना र प्रबर्द्धन गर्ने

**धारा ३८ <u>महिलाको हक</u>**को उपधारा (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

**धारा ३९ <u>बालबालिकाको हक</u>**को उपधारा (२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ ।

**धारा ४० <u>दलितको हक</u>**को उपधारा (२) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुन बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुन बमोजिम विशेष व्यवस्था गरिनेछ ।

**धारा ४२ <u>सामाजिक न्यायको हक</u>** उपधारा (२) आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ ।

उपधारा (५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जनआन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने सहिदका परिवार, वेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका यौद्धा, द्वन्द्वपीडित र विस्थापित, अपाङ्गता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानुन बमोजिम प्राथमिकताकासाथ अवसर पाउने हक हुनेछ ।

त्यसै गरी अनुसूची ८ को स्थानीय तहको अधिकार सूचीमा आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा राखिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

**दफा ११ उपदफा २ (ज) स्थानीय तहको शिक्षासम्बन्धी काम कर्तव्य र अधिकारः**

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन

२. सामुदायिक संस्थागत गुठी र सहकारी विद्यालय स्थापना अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन,, मूल्याङ्कन र नियमन

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पति व्यवस्थापन

६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन

७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन

८. विद्यालयको नामाकरण

९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पतिको अभिलेख संरक्षण र व्यवस्थापन

१०. विद्यालयको गुणस्तर अभिवृत्ति तथा पाठ्यसामग्रीको वितरण

११. सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

१२. विद्यालयको नक्साङ्कन अनुमति, स्वीकृति समायोजन तथा नियमन

१३. सामुदायिक विद्यालयको शैक्षिक पुर्वाधार निर्माण, मर्मत, सम्भार सञ्चालन र व्यवस्थापन

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन

१६. निःशुल्क शिक्षा विद्यार्थी प्रोहत्सान तथा छात्रवृत्ति व्यवस्थापन

१७. ट्युसन कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

१८. स्थानीय स्तर शैक्षिक ज्ञान सीप तथा प्राविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण

१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन

२१. सामुदायिक विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट व्यवस्थापन विद्यालयको आय, व्ययको लेखा अनुशासन कायम अनुगमन र नियमन

२२. शिक्षण सिकाइ शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**दफा २४ योजना बनाई कार्यान्वयन गर्नः**

(क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालीन तथा दिर्धकालिन विकास योजना बनाई लागु गर्नु पर्ने छ ।

(ख) योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसीमा र प्रक्रियासंग अनुकूल हुने गरी सुशासन, वातावरण बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन लैङ्गिक नथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

(ग) योजना बनाउदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्येक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वयसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने
- महिला बालबालिका तथा पछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

(घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

(ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्नेछ ।

### २.१.३ संघ प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७

(क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमा सम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजना तर्जुमा स्थानीय तहले गर्ने छ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा बजेट व्यवस्थापन तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्नेछ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली २०७७

१. अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेः स्थानीय तह मार्फत राज्यले चार बर्ष पूरा भई तेह्र वर्ष उमेर नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको अनिवार्य शिक्षा प्रदान गर्नुपर्नेछ ।
२. चार वर्ष पुरा भएपछि कम्तिमा एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ ।
३. आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने (दफा १४)
४. माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने (दफा १५)
५. परम्परागत शिक्षा प्रदान गर्न सकिने (दफा १६)
६. प्राविधिक शिक्षासम्बन्धी व्यवस्था (दफा १७)
७. अभिभावक नभएका बालबालिकाका लागि शिक्षा (दफा १८)
८. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने (दफा २०)
९. पाठ्यपुस्तक निःशुल्क उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध दिवाखाजाको व्यवस्था मिलाउने व्यवस्था
१०. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकता अनुसार (क) सामुदायिक सिकाइ केन्द्र (ख) आधारभूत प्रौढ शिक्षा (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम ।(नियम ३)
११. आर्थिक भौगोलिक शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ । (नियम ४)
१२. माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुनेः (क) विद्यार्थी भर्ना शुल्क (ख) मासिक पढाइ शुल्क (ग) परीक्षा शुल्क पाठ्यपुस्तक वापतको रकम (नियम ५)
१३. छात्रवृत्ति तथा विशेष व्यवस्थाः (ब्रेल पाठ्यपुस्तक, साङकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोत कक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवाखाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदी) । (नियम ६)
१४. जनआन्दोलन सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति द्वन्द्व पिडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताका आधारमा विशेष अवसर प्रदान गर्ने छ ।

## २.२ दुरदृष्टिः

"सक्षम र आत्मनिर्भर जनशक्तिः भगवतीमाईको समृद्धि"

## २.३ लक्ष्य

"विद्यालय शिक्षामा सबैको पहुँच सुनिश्चित गरी, सबैका लागि समाबेशी, समतामुलक, सुरक्षित, गुणस्तरीय, बालमैत्री तथा अपाङ्गतामैत्री, प्रतिस्पर्धी, प्रविधिमैत्री, वातावरणमा राष्ट्रभक्ति, व्यावसायिक, र उत्पादनमुखी शिक्षा प्रदान गरी सक्षम र आत्मनिर्भर जनशक्ति उत्पादनमा जोड दिने"।

## २.४ उद्देश्य

१. सबै बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्नु।
२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा प्रविधिमैत्री, जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।
३. अभिभावक शिक्षा तथा सचेतना वृद्धि र सबै निरक्षरहरू पूर्ण साक्षर बनाउनु।
४. वालवालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न का लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार ल्याउनु ।
५. आपतकालिन तथा विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुऱ्याउनु ।
६. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापनको प्रबर्द्धन गर्नु ।

## २.५ रणनीतिहरू

**उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिहरू**

१. सबै बालवालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्शाङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्ने।
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइ द्वारा स्थानीय आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान, सीप र क्षमता विकास गरी गुणस्तर सुनिश्चित गर्ने ।
३. सबै तहका विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ।

**उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिहरू**

१. पाठ्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न पाठ्यसामग्री विकास गरी व्यवहारिक जीवनसंग सम्बन्धित गर्ने
२. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक विश्वपरिवेश अनुसार सिकारुमा ज्ञान, सीप र व्यवहार विकासमा सहजीकरण गर्ने

३. स्थानीय पाठ्यक्रमलाइ समयानुकुल परिमार्जन र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्ने

**उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिहरू**

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने

२. सबै विद्यालयमा अविभावक शिक्षा संचालन गरी विद्याथीहरूको शैक्षिक गुणस्तर वृद्धि गर्ने।

३. स्थानीय तहलाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने

**उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिहरू**

१ बालबालिका लाई स्वस्थ एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने

२ स्वास्थ्य, पोषण सम्बन्धी सेवाहरूको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्ने

३ विद्यालय परिसरमा सरसफाइ तथा स्वच्छता सम्बन्धी बिभिन्न कार्यक्रम संचालन गर्ने

**उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिहरू :**

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने

२. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको तयारी गर्ने

३. विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्ने

**उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीतिहरू**

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउने

२. गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्ने

३. शिक्षा क्षेत्रमा संलग्न जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउने

## २.६ कार्यनीतिहरू

**उद्देश्य नं. १ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

**रणनीति १ को कार्यनीति**

१. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गरिनेछ ।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको यथार्थ विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

३. विद्यालय नक्साङ्कन र आवश्यकताका आधारमा विद्यालयलाई समायोजन र पुनर्वितरण गरिनेछ ।
४. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

<u>**रणनीति २ को कार्यनीति**</u>

१. प्रारम्भिक कक्षा पढाइ सम्बन्धी क्रियाकलापहरूको लागि स्रोत व्यवस्थापन र कार्यान्वयन गरिनेछ।
२. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरिनेछ ।
३. शिक्षकलाई प्रधानाध्यापक तथा प्रधानाध्यापकलाई स्थानीय तहप्रति कार्यसम्पादन करार गरी जवाफदेही बनाइनेछ ।
४. आवश्यक शिक्षक तालिम, शिक्षक पेसागत सहायता प्रणाली विकास तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिनेछ ।
५. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर, आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरिनेछ साथै कक्षाकोठामा आधारित मूल्याङ्कनसँग सम्बन्धीत क्षमता विकास गरिनेछ ।

<u>**रणनीति ३ को कार्यनीति**</u>

१. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गरिनेछ ।
२. प्रारम्भिक कक्षाहरूमा समावेशी कक्षा व्यवस्थापन मिलाइ विद्यार्थीको वसाइ व्यवस्थापनलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याइने छ ।
३. विद्यालय शिक्षालाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन सूचना तथा प्रविधिमैत्री सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गरिनेछ ।

<u>**उद्देश्य नं. २ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**</u>

<u>**रणनीति १ को कार्यनीतिः**</u>

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यसामग्रीको विकास तथा कार्यान्वयन गरी सम्बन्धीत शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधीकरण गरिनेछ ।
२. आपतकालिन अवस्था, विपद् ,महामारी तथा सङ्कटको अवस्थामा पाठ्यक्रमलाई कष्टमाईज गरी वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।
३. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गरिनेछ ।

<u>**रणनीति २ को कार्यनीतिः**</u>

१. परियोजना कार्य, सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।

२. प्रधानाध्यापक, बिषयगत शिक्षक र सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाईने छ ।
३. शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाइनेछ ।

**रणनीति ३ को कार्यनीतिः**

१. स्थानीय पाठ्यक्रमलाई समयानुकुल परिमार्जन गरिने छ ।
२. पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गरिनेछ ।
३. परियोजना कार्य, भ्रमण, अवलोकन जस्ता विधीहरू प्रयोग गरि पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गरिने छ ।

**उद्देश्य नं. ३ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

**रणनीति १ को कार्यनीति**

१. सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरिने छ ।
२. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू अनुरूपका सामग्रीको प्रयोग गरिने छ ।
३. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सेवा केन्द्र सञ्चालन र सेवा प्रवाह गरिने छ र बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने छ ।

**रणनीति २ को कार्यनीति**

१. अभिभावक शिक्षाको पाठ्यसामाग्री बनाई कार्यन्वयनमा ल्याईने छ ।
२. विद्यालय मार्फत अभिभावक शिक्षा दिइने छ ।
३. विद्यालयहरूमा प्रत्येक कक्षामा शिक्षक अभिभावक बैठक संचालन गरिने छ ।
४. अभिभावक लाई पुरस्कारको व्यवस्था गरिने छ ।

**रणनीति ३ को कार्यनीति**

१. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी सङ्घ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गरिने छ ।
२. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने छ ।
३. टोल, वडा हुदै स्थानीय तहलाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्ने

**उद्देश्य नं. ४ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

**रणनीति १ को कार्यनीति**

१. दिवाखाजा कार्यक्रमलाई मेनु बनाई बालबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने छ र अभिभावकको संलग्नतामा आधारभूत तह (६-८), माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ ।
२. दिवा खाजाको लागि सहकारी मार्फत स्थानीय उत्पादनमा आधारित वस्तुहरूलाई प्राथमिकता दिइने छ।
३. दिवा खाजा कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गरिने छ ।

**रणनीति २ को कार्यनीति**

१. विद्यालयहरूमा प्राथमिक उपचार बाकस राखिने छ र यसलाई अध्यावधिक गरी राखिने छ ।
२. माध्यमिक विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था गर्दै लगिनेछ ।
३. सबै विद्यालयहरूमा नजिकको स्वास्थ्य चौकि संग समन्वय गरेर बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच लगायत जुकाको औषधि तथा सूक्ष्म पोषकतत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण गर्ने कार्य गरिनेछ ।

**रणनीति ३ को कार्यनीति**

१. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, र घेरबारको व्यवस्था गरिने छ ।
२. छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरण तथा व्यवस्थापनलाई नियमित र प्रभावकारी बनाउने ।
३. बालक्लव, जुनियर रेडक्रस, स्काउटको परिचालन गरि बृक्षारोपण र संरक्षण, कक्षाकोठा वा विद्यालय परिसर सरसफाइको प्रबन्ध, अभिभावकको सहयोगमा डसविनका साथै सरसफाइ सम्बन्धि अतिरिक्त क्रियाकलाप संचालन गरिने छ ।

**उद्देश्य नं. ५ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

**रणनीति १ को कार्यनीति**

१. विद्यालयमा प्रत्येक वर्ष प्रकोप, सङ्कटासन्नता, क्षमता लेखाजोखा गरी विद्यालय सुधार योजनामा समाबेश गरी कार्यन्वयन गरिने छ ।
२. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयार गरिने छ ।
३. विद्यालय शान्ति क्षेत्र राष्ट्रिय ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ का क्रियाकलापहरू पूर्ण रूपमा कार्यान्वयन गरिनेछ ।

४. सम्भावित प्रकोप तथा विपद् सम्बन्धी पूर्व सावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सीप विकास गरिने छ ।

**रणनीति २ को कार्यनीति**

१. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिने छ ।
२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गरिने छ ।
३. विपदका समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन गरिने छ।

**रणनीति ३ को कार्यनीति**

१. आपतकालिन अवस्था तथा विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गरीने छ ।
२. विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।
३. विद्यालय स्तरीय प्रतिकार्य योजना तयार गरिने छ ।

**उद्देश्य नं. ६ सँग सम्बन्धित रणनीतिका कार्यनीतिहरू**

**रणनीति १ को कार्यनीति**

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने छ ।
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने छ ।
३. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गरिने छ ।

**रणनीति २ को कार्यनीति**

१. कार्यरत जनशक्तिको क्षमता विकास गरिने छ ।
२. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने छ ।
३. पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ ।

**रणनीति ३ को कार्यनीति**

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ
२. प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ ।
३. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकताअनुसार स्थानीय सूचकहरूलाई समेत शैक्षिक सूचना प्रणालीमा आबद्ध गरिने छ ।

## २.७ अपेक्षित उपलब्धि

१. सबै बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित भएको हुने छ।

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनबाट विद्यार्थीहरूमा प्रविधिमैत्री, जीवनोपयोगी ज्ञान, सीप र अभिवृत्तिको विकास गरी सक्षम, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार हुने छन्।

३. अभिभावक शिक्षा तथा सचेतना वृद्धि र सबै निरक्षरहरू पूर्ण साक्षर हुने छन।

४. वालवालिकाको सिकाइ उपलब्धिमा सुधार गर्न का लागि सिकाइमा सहभागिता बढाउन स्वास्थ्य र पोषणको अवस्थामा सुधार भएको हुने छ।

५. आपतकालिन तथा विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुग्ने छ ।

६. स्थानीय तहको शिक्षाको शासकीय प्रबन्धलाई सुदृढ बनाइ नतिजामुखी शिक्षा व्यवस्थापन भएको हुने छ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

**तालिका नं. १, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण**

| क्र.स. | सूचक | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| **१. प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ६८.२ | | | - | | Flash Report |
| | | प्रदेश | ८६.८ | | | | | Flash Report |
| | | राष्ट्रिय | ९२.८ | | | | | Flash Report |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ९४.१ | | | | | Flash Report |
| | | प्रदेश | ८४.३ | | | | | Flash Report |
| | | राष्ट्रिय | ७९.२ | | | | | Flash Report |
| **२. आधारभूत शिक्षा (कक्षा १ - ८)** | | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.४ | | | | | |
| | | प्रदेश | ६७.२ | | | | | Flash Report |
| | | राष्ट्रिय | ९६.८ | ९७.५ | ९९.० | १०० | | Flash Report |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०५.१ | | | | | |
| | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.२ | | | | | Flash Report |
| | | प्रदेश | ९५.९ | | | | | |
| | | राष्ट्रिय | ९५.६ | | | | | Flash Report |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १२१.५ | | | | | |
| | | प्रदेश | ११८.५ | | | | | |
| | | राष्ट्रिय | १२४.८ | ११५.० | | | | Flash Report |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १२२.६ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११३.० | ११०.० | १०७.० | १०५.० | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९७.४ | ९९ | १०० | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ८८.० | ९५ | १०० | | | |
| | | प्रदेश | ८२.९ | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | स्थानीय | २६.५४ | १० | ५ | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |

| क.स. | सूचक | | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कूल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | | स्थानीय | ०.९७ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | | स्थानीय | ९४.६ | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९३.८ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | | स्थानीय | ११८.४ | | | | | Flash Report |
| | | | प्रदेश | १२३.१ | | | | | |
| | | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | | स्थानीय | ८५.६ | | | | | Flash Report |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८६.२ | | | ९५.० | | Flash Report |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पुरा गर्ने दर (%) | | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८०.३ | | | ९५.० | | Flash Report |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | | स्थानीय | १.० | ०.९५ | १ | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| क.स. | सूचक | | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या (%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या (%) | आधारभूत तह (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २९.० | १०.० | ०.५ | ० | | |
| | | आधारभूत तह (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | |

| क.स. | सूचक | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.२० | आधारभूत तह कक्षा १-८ मा अध्यापनरत शिक्षकहरु मध्ये महिला शिक्षकको सङ्ख्या( %) — स्थानीय | ३९ | | | | | | |
| | प्रदेश | | | | | | | |
| | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ५५.१ | | | | | Flash Report |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ५७.९ | | ६५.० | | | Flash Report |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ७५.८ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८०.४ | | | | | Flash Report |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | १.०५ | | | | | Flash Report 2081 |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १.० | १.० | १.० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका कक्षा १० मा पुग्ने दर(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ६९.९ | | | | | Flash Report |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका कक्षा १२ मा पुग्ने दर(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३७.२ | | | | | Flash Report |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (%) | स्थानीय | ५.५५ | | | | | |
| | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | २०.० | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये प्राविधिक शिक्षामा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | प्राविधिक | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थीको सिकाइ उपलब्धि(अङ्कमा) | नेपाली भाषा | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिया | | | | | | |
| | | गणित | स्थानीय | | | | | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | | स्थानीय | ७५.८ | | | | | जनगणना २०७८ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | | स्थानीय | ७०.६ | | | | | जनगणना २०७८ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ वर्ष उमेर समुह) (%) | | स्थानीय | ७०.६ | | | | | जनगणना २०७८ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ९२.० | | ९९.० | १०० | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ वर्ष भन्दा माथि) | | स्थानीय | ०.७९ | | | | | |
| | | | प्रदेश | | | | | | |

| क्र.स. | सूचक | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | ०.६५ | | | ०.८० | | |
| **५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति(%) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२) उत्तीर्ण जनशक्ति (बार्षिक जनशक्ति) | छात्रा | ९१ | | | | | |
| | | छात्र | ६७ | | | | | |
| **६.सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी शिक्षक अनुपात -सामुदायिक विद्यालय | स्थानीय | २३:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी शिक्षक अनुपात -सामुदायिक विद्यालय | स्थानीय | ४१:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी शिक्षक अनुपात -सामुदायिक विद्यालय | स्थानीय | २७:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी शिक्षक अनुपात -सामुदायिक विद्यालय | स्थानीय | ५४;१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी शिक्षक अनुपात -सामुदायिक विद्यालय | स्थानीय | ७४:१ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३५:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **५. शिक्षामा लगानी** | | | | | | | | |
| ५.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | ४.७७ | | | | | |
| | | प्रदेश | | | | | | |

| क.स. | सूचक | | आधार वर्ष २०८० | २०८३ | २०८५ | २०८७ | सूचकको श्रोत | तथ्याङ्कको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १०.०९ | १५.० | १७.० | २०.० | | |
| ५.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च रु.(हजारमा) | स्थानीय | ४ | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | १७ | | | |
| ५.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च रु.(हजारमा) | स्थानीय | | | | | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३: विद्यालय क्षेत्रेका मुख्य उपक्षेत्र

## ३.१ प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बाल उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक, संवेगात्मक, मनोबैज्ञानिक तथा सामाजिक क्षेत्रमा हुने सकारात्मक परिवर्तन नै प्रारम्भिक बालविकास हो।सोही उमेर समूहका बालबालिकाको सर्वाङ्गीण पक्षको विकासका प्रदान गरिने शिक्षालाई प्रारम्भिक बालविकास शिक्षा भनिन्छ।नेपालको संविधानको धारा ३९ (३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रुपमा मान्यता दिएसँगै प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाहरुको शारीरीक, मानसिक, संवेगात्मक, सामाजिक एव नैतिक तथा सिर्जनात्मक पक्षको विकासका लागि महत्वपूर्ण क्षेत्रको रुपमा विकास गरी उनीहरुलाई आधारभूत शिक्षाका लागि तयार पार्नका लागि बालविकास शिक्षालाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको अनिवार्य आवश्यकता हो भन्ने विषयलाई केन्द्रमा राख्दै भगवतीमाई गाउँपालिकाले निर्माण गरेको यस शिक्षा योजनामा प्रारम्भिक बालविकास र शिक्षालाई पहुँचयोग्य, सु-व्यवस्थित र गुणस्तरीय बनाउने खालका कार्यक्रमहरु समावेस गरिएको छ ।

### ३.१.१ वर्तमान अवस्था

७ वटा वडा रहेको यस भगवतीमाई गाउँपालिकामा वडा नं. १ मा ५, वडा नं. २ मा ५, वडा नं. ३ मा ७, वडा नं. ४ मा ६, वडा नं. ५ मा ४, वडा नं. ६ मा ४ र वडा नं. ७ मा ४ बालविकास केन्द्र गरी हाल ३५ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । जसमध्ये १ वटा समुदायमा र ३४ वटा विद्यालयमा सञ्चालन भइरहेका छन् । जम्मा ३५ बालविकास केन्द्रहरु मध्ये नेपाल सरकारको अनुदानद्वारा ३४ वटा र गाउँपालिकाको अनुदानमा १ वटा सञ्चालन भएका छन । शैक्षिक सत्र २०८१ को एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक भएको तथ्याङ्क अनुसार यस गाउँपालिका अन्तर्गतका बालविकास केन्द्रहरुमा अध्ययनरत बालबालिकाहरुको सङ्ख्या २३७ जना छात्रा र २६५ जना छात्र गरी ५०२ जना रहेको छ । जसको लैङ्गिक समता १.११ हुन्छ ।गाउँपालिका भित्रका १८ बालविकास केन्द्रहरु न्यूनतम पूर्वाधार रहेको छ । प्रत्येक बालविकास केन्द्रहरुमा १/१ जना बालविकास सहजकर्ताहरुको व्यवस्था भए तापनि ३४ जना बालविकास सहजकर्ताहरु मात्र प्रविणता प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता भएका र ३२ जना सहजकर्ताहरुले प्रारम्भिक बालविकास शिक्षा सम्बन्धी तालिम प्राप्त गरेका छन् नेपाल सरकारले प्रदान गर्दै आएको सेवा सुविधामा गाउँपालिकाले अनुदान थप गरी न्यूनतम पारिश्रमिकको व्यवस्था गरिएको छ ।साथै गाउँपालिकाले आफ्नै वार्षिक कार्यक्रममा बालविकास सहजकर्ता थप पारिश्रमिक अनुदान शीर्षकमा बजेट तथा कार्यक्रम समावेश गरेको छ ।

**चुनौतीहरु**

- प्रारम्भिक बालविकास शिक्षामा सबै वर्ग र क्षेत्रका बालबालिकाहरुको पहुँच वृद्धि गर्नु

- प्रत्येक विद्यालय र समुदायमा बालविकास केन्द्रहरु स्थापना गर्नु
- सबै बालविकास केन्द्रहरुलाई न्यूनतम मापदण्डमा आधारित बनाउनु
- बालविकास शिक्षकहरुको आवश्यकतामा आधारित क्षमता विकास गर्नु
- गुणस्तरीय र बालमैत्री प्रारम्भिक बाल शिक्षाको सुनिश्चितता गर्नु
- प्रारम्भिक बालविकास केन्द्रका बालबालिकाहरुलाई कक्षा १ बाट अलग गर्नु
- बालमैत्री बसाइ व्यवस्थापन गर्नु

**अवसरहरु**

- गाउँपालिका भर ३५ प्रारम्भिक बालविकास केन्द्रको स्थापना हुनु
- सबै बालबालिकाका लागि उचित दिवा खाजाको व्यवस्था हुनु
- प्रारम्भिक बालविकास केन्द्र सञ्चालन, व्यवस्थापन तथा रेखदेखको अधिकार स्थानीय तहमा हुनु
- सबै बालविकास केन्द्रहरुमा १/१ जना सहजकर्ताहरुको व्यवस्था हुनु
- प्रतिविद्यार्थी लागतका आधारमा शैक्षिक सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु
- गैर-सरकारी संघसंस्थाहरुले प्रारम्भिक बालविकास केन्द्रलाई सहयोग गर्नु

### ३.१.२ उद्देश्य

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु

३. सबै बालविकास केन्द्रहरुलाई न्यूनतम पूर्वाधारयुक्त तथा सिकाइ सक्षमतामा आधारित बनाउनु

### ३.१.३ रणनीतिहरू

१. प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाको पहुँचका लागि प्रचलित न्यूनतम मापदण्ड, नर्म्स र ढाँचा अनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने

२. सबै बालविकास केन्द्रहरुको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने

३. भौगोलिक रुपमा विकट क्षेत्रमा बसोबास गर्ने, अपाङ्गता भएका बालबालिकाहरुका लागि विभिन्न नमूनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने

४. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रमको कार्यान्वयन गर्ने

५. प्रारम्भिक बालविकास शिक्षामा अभिभावक वडा कार्यालय तथा गाउँपालिकाको लागत सहभागिता अभिबृद्धि गर्ने

६. कार्यक्रमको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूबीच समन्वय तथा सहकार्य तथा लागत सहभागिता अभिवृद्धि गर्ने र उनीहरुलाई जिम्मेवार बनाउने

७. बालविकास सहजकर्ताहरुको क्षमता विकासका लागि आवश्यक क्षमता विकास तालिम तथा कार्यशाला सञ्चालन गर्ने

८. बालकक्षा व्यवस्थापन, कक्षाकोठा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री तथा बाल उद्यानको व्यवस्था गर्ने

९. बालविकास र शिक्षालाई बालमैत्री र अपाङ्गतामैत्री पूर्वाधारयुक्त बनाउने

१०. अभिभावकलाई शिक्षा दिने

११.खेल तथा मनोरञ्जनका सामग्रीहरु व्यवस्थापन गर्ने ।

### ३.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. सबै बालविकास केन्द्रहरु न्यूनतम मापदण्ड पूरा गरेका हुने

२. सबै बालविकास केन्द्रहरुमा आवश्यक योग्यता पुगेका तालिम प्राप्त शिक्षकको व्यवस्था भएको हुने

३. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८८/०८४ | २०८८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | १४ | | | | | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनभव सहित कक्षा १ मा भर्ना हुने विद्यार्थी प्रतिशत | ९६ | | | | | |
| ३ | न्यूनतम शैक्षिक योग्यता र तालिम प्राप्त बालविकास सहजकर्ता सङ्ख्या | १०० | | | | | |
| ४ | प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रम कार्यान्वयनको अवस्था | | | | | | |
| ५ | प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा रहेका विद्यार्थी सङ्ख्या | | | | | | |

## ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको नक्साङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | प्रारम्भिक बालविकास पुनर्वितरण | पटक | ० | ० | १ | ० | ० | | |
| ३ | बालविकास केन्द्रहरुको सबलीकरण तथा सुधार | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ४ | बालमैत्री बसाइ व्यवस्थापन (पिफर्म, | केन्द्र | ० | ३ | ३ | ३ | ३ | १२ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | कार्पेट, कुशन तथा सिकाइ कुना अनुसारका न्याक र सामग्री) | | | | | | | | |
| ५ | प्रारम्भिक बालविकास पाठ्यक्रम प्रबोधीकरण | जना | ० | १ | ० | ० | ० | १ | |
| ६ | प्रारम्भिक बालविकास सहजकर्ता क्षमता विकास | जना | ० | १ | ० | १ | ० | २ | |
| ७ | खेल, मनोरञ्जन तथा प्रविधिमैत्री सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | बालबालिकाको स्वास्थ्य जाँच (खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | विद्यालयद्वारा अभिभावक शिक्षा तथा सचेतना | जना (प्रति केन्द्र) | ० | ५० | ७५ | १०० | १०० | | |
| १० | बालबालिकाहरुको अभिलेख व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११ | प्रारम्भिक बालविकास शिक्षक प्रोहत्साहन (स्थानीय तह) | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.२ आधारभूत शिक्षा

आधारभूत तह विद्यालय शिक्षाको जग हो । आधारभूत तहको शिक्षाले उमेर समूहका हिसाबले ५ देखि १२ वर्षका बालबालिकाहरूलाई समेट्छ । यसर्थ विद्यालय शिक्षाको सुरुवात र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ । नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । यसैगरी अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व र आवश्यक व्यवस्था जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ । प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बालशिक्षा देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र अनुकूल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ ।

### ३.२.१ वर्तमान अवस्था

आधारभूत शिक्षा प्रदान गर्नका लागि यस भगवतीमाई गाउँपालिका भित्र सामुदायिकतर्फ कक्षा १–३ सञ्चालन भएका ८, कक्षा १–५ सञ्चालन भएका १० वटा र कक्षा १–८ सञ्चालन भएका ६ वटा विद्यालयहरू छन् । त्यसैगरी, कक्षा १–१० सञ्चालन भएका ३ वटा र कक्षा १–१२ सञ्चालन भएका ५ वटा गरी जम्मा ३२ वटा छन् । संस्थागततर्फ एउटा विद्यालय सञ्चालनमा रहेको छ । आधारभूत तहमा कुल विद्यार्थी सङ्ख्या ३ हजार ३ सय ९५ र विद्यालय विद्यार्थी अनुपात १०२:१ रहेको पाइन्छ । यस्तै आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी सङ्ख्या २ हजार १ सय ७४ र विद्यालय विद्यार्थी अनुपात ९०:१ रहेको छ । यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी सङ्ख्या १ हजार २ सय २१ र विद्यालय विद्यार्थी अनुपात ८७:१ रहेको छ।

यस गाउँपालिका भित्र विद्यालयको प्रारम्भिक शिक्षाको अनुभव सहितको भर्नादर ९४.१ प्रतिशत रहेको छ भने बालविकास कक्षाको अनुभव नगरी कक्षा १ मा सोझै भर्ना हुने बालबालिकाको सङ्ख्या ६ प्रतिशत रहेको छ । साथै शैक्षिक सत्र २०८१ मा १६७६ जना छात्रा र १७१९ जना छात्र गरी जम्मा ३३९५ जना विद्यार्थीहरु आधारभूत तहमा भर्ना भएको पाइन्छ भने विद्यालय बाहिर रहेको सङ्ख्यालाई हेर्दा विद्यालय बाहिर रहेका बालकको सङ्ख्या .....र बालिकाको सङ्ख्या ........रहेको पाइन्छ ।

यसैगरी यस गाउँपालिकाको आधारभूत शिक्षाको विद्यार्थी सिकाइ उपलब्धीस्तर..... रहेको छ । गाउँपालिकाभित्रका ३२ वटा विद्यालयमध्ये २४ विद्यालयमा मात्र न्यूनतम पूर्वाधार भएका र सिकाइ सक्षमता भएका विद्यालयहरुको सङ्ख्या ८ रहेको छ । शैक्षिकसत्र २०८० को

नतिजालाई हेर्दा शायद यस गाउँपालिकाको आधारभूत तहमा कक्षा छाडने दर ... र कक्षा दोहोऱ्याउने दर... रहेको छ ।

यस गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयको आधारभूत तहमा हाल १२६ जना शिक्षकहरु कार्यरत रहेको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा विद्यार्थी शिक्षक अनुपात २७:१ र विद्यालय शिक्षक अनुपात ४:१ रहेको छ । न्यून दरबन्दी र शून्य दरबन्दी भएका विद्यालयहरूमा शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ ।

फ्ल्यास रिपोर्ट २०८० अनुसार भगवतीमाई गाउँपालिकामा आधारभूत तहको खुद भर्नादर ९४.६ रहेको छ । जसमध्ये (१-५) तर्फ खुद भर्नादर ९४.६ र (६-८) तर्फ खुद भर्नादर ९३.१ रहेको छ । यस्तै आधारभूत तहको कूल भर्नादर ११८.४ रहेको छ । जसमध्ये (१-५) तर्फ कूल भर्नादर १२१.५ र (६-८) तर्फ कूल भर्नादर ११३.६ रहेको छ । भगवतीमाई गाउँपालिकाको कक्षा १ देखि ५ सम्मको उत्तीर्ण दर ७४.६, कक्षा १ देखि ५ सम्मको कक्षा दोहोऱ्याउने दर १५.३ र कक्षा १ देखि ५ सम्मको विद्यालय छोड्ने दर ५.२ छ । यस्तै कक्षा ६ देखि ८ सम्मको उत्तीर्ण दर ८९.६, कक्षा ६ देखि ८ सम्मको कक्षा दोहोऱ्याउने दर ४.१ र कक्षा ६ देखि ८ सम्मको विद्यालय छोड्ने दर २.६ प्रतिशत रहेको छ । संघीयताको कार्यान्वयन पश्चात यस गाउँपालिकाले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाका लागि शिक्षण सिकाइ अनुदान तथा नमुना कक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**चुनौतीहरु**

- अनिवार्य र निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु
- विद्यालय र विद्यार्थी सङ्ख्याअनुसार शिक्षक दरबन्दीको व्यवस्था गर्नु ,
- विद्यालयको न्यूतम भौतिक पूर्वाधार तथा सिकाइ सक्षमताको व्यवस्थापन गर्नु
- दिवा खाजा तथा शुद्ध खानेपानीको प्रभावकारी व्यवस्थापन गर्नु,
- सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु,
- विद्यालय शिक्षामा वैकल्पिक प्रवन्ध गरी पहुँच र सहभागिता सुनिश्चित गर्नु,

**अवसरहरु**

- संविधानमा नै आधारभूत शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था हुनु,
- समता तथा पहुँच बृद्धिका लागि राज्यका सबै सरकारले छात्रवृत्ति तथा प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्न सक्नु,
- आधारभूत शिक्षामा दिवा खाजा तथा पोषण कार्यक्रम सञ्चालन हुनु
- आधारभूत शिक्षा स्थानीय तहको एकल अधिकारको विषय हुनु
- सबै सामुदायिक विद्यालयहरुमा शिक्षक दरबन्दिको व्यवस्था हुनु

## ३.२.२ उद्देश्य

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु
२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु

३. सबै बालबालिकाहरूलाई आधारभूत तह पुरा गर्ने अवस्था सुनिश्चित गर्नु
४ आधारभूत विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी अपाङ्गमैत्री र सुरक्षित बनाउनु

### ३.२.३ रणनीतिहरू

१. आवश्यकताका आधारमा विद्यालयहरुको नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने
२. अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षाका लागि आवश्यक कानून तथा स्रोत साधनको व्यवस्था गर्ने
३. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण संकलन गरी पहुँच सुनिश्चित गर्नका लागि आवश्यक प्रवन्ध मिलाउने
४. विद्यार्थी सङ्ख्या न्यून भएका तथा शिक्षक दरबन्दी कम भएका विद्यालयहरुमा बहुकक्षा बहुस्तर शिक्षण सिकाइका विधिहरु प्रयोग गर्ने
५. न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन निरन्तर तथा आवधिक रूपमा सिकाइको मूल्याङ्कन गर्ने
६. विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित बालमैत्री, समावेशी,अपाङ्गमैत्री , सुरक्षित र न्यूनतम सक्षमतामा आधारित सिकाइ वातावरण तयार गर्ने
७. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्नुका साथै पठन तथा गणितीय सीप प्रवरर्द्धन गर्ने
८. आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने
९. विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराई सिकाइमा सुधार ल्याउने
१०. विद्यालय शिक्षालाई विविधताअनकुल, समावेशी र समताभूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक सांस्कृतिक विविधताको सम्मान र समावेश हुनेगरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने
११. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने
१२. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी, वृक्षारोपण जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने
१३. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने
१४. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने
१५. शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्ने
१६. नतिजाप्रति जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय तथा शैक्षिक निकायको शासकीय तथा व्यवस्थापकीय पद्धतिमा सुधार गर्ने

१७. विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित गर्ने

१८. शिक्षक विकास र सहायता प्रणालीलाई व्वयस्थित गर्ने

### ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि:**

१. अनिवार्य तथा निशुःल्क आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित भएको हुने

२. आधारभूत शिक्षामा गुणस्तर अभिबृद्धि भएको हुने

३. सबै बालबालिकाहरुले आधारभूत तह पूरा गरेको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत शिक्षाको पहुँच पुगेका बालबालिकाको सङ्ख्या | ३३९५ | | | | | |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | | | | |
| ३ | न्यूनतम भौतिक पुर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएका विद्यालय सङ्ख्या | | | | | | |
| ४ | आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भएका विद्यालयको सङ्ख्या | १८ | | | | | |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पूरा गरेका विद्यालयको सङ्ख्या | | | | | | |
| ६ | शिक्षकको क्षमता विकास सम्बन्धी तालिमप्राप्त शिक्षकको सङ्ख्या | | | | | | |
| ७ | विद्यालयमा पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्ध हुने | ३२ | | | | | |

### ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | कक्षा थप तथा समायोजन | पटक | ० | | | | | | |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका पहिचान | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विपन्न तथा दलित समुदाय विद्यार्थी सहयोग तथा छात्रबृत्ति | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो निर्माण | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | | |
| १० | कक्षा-८ को बार्षिक परीक्षा सञ्चालन व्यवस्थापन तथा प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| ११ | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | | |
| १२ | आधारभूत कक्षा १-३ का बालबालिकाहरुका लागि पठन सीप विकास | पटक | १ | १ | १ | | | | |
| १३ | आधारभूत कक्षा १-३ का बालबालिकाहरुको गणितीय सीप विकास | | | | | | | | |
| १४ | लेखन सीप विकास अभ्यास | पटक | १ | | | | | | |
| १५ | कक्षा १-३ मा बालमैत्री र छापायुक्त कक्षाकोठाको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | | |
| १६ | कक्षा १-३ मा अध्ययनरत बालबालिकाहरुका लागि पढाई तथा गणितका सामग्री वितरण | पटक | १ | १ | १ | १ | १ | | |
| १७ | शुक्रवार विद्यालयमा तथा त्रैमासिक वा अर्धवार्षिक रूपमा पालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १८ | सिकाइ उपलब्धि कम भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १९ | विद्यालयमा विद्यार्थी नियमितताको लागि अभिभावक फलोअप | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.३ माध्यमिक शिक्षा

शिक्षा ऐन, २०२८ तथा विद्यालय शिक्षा क्षेत्र योजनाका अनुसार १३ वर्ष देखि १६ वर्ष उमेर समूहका बालबालिकाहरुलाई विद्यालय तहको कक्षा ९ देखि कक्षा १२ सम्म प्रदान गरिने शिक्षालाई माध्यमिक शिक्षा भनिन्छ । उच्च शिक्षाको आधारस्तम्भ मानिने माध्यमिक तहको शिक्षालाई साधारण, व्यवसायिक र धार्मिक गरी ३ धारमा विभाजन गरिएको छ । नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षालाई स्थानीय तहको अधिकारको रुपमा स्थापित गरी त्यसको सञ्चालन, व्यवस्थापन, रेखदेख तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गर्नुका साथै माध्यमिक तहको शिक्षालाई निःशुल्क गर्नका लागि  मौलिक हकको व्यवस्था गरेको छ ।  साथै राष्ट्रिय शिक्षा नीति, २०७६ ले माध्यमिक शिक्षालाई गुणस्तरीय,  निःशुल्क र सबैको पहुँच सुनिश्चित गरी सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता र सकारात्मक चिन्तन जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त तथा उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ । यसै सन्दर्भलाई आधार बनाउदै यस योजनामा भगवतीमाई गाउँपालिकाले माध्यमिक शिक्षालाई पहुँचयोग्य,सर्वसुलभ र गुणस्तरीय बनाउनका लागि विभिन्न कार्यक्रमहरु समावेश गरेको छ ।

### ३.३.१ बर्तमान अवस्था

यस भगवतीमाई गाउँपालिका भित्र जम्मा ८ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन। जसमध्ये कक्षा १-१० सञ्चालन भएका ३ वटा र कक्षा १-१२ सञ्चालन भएका ५ वटा विद्यालयहरु छन । शैक्षिक सत्र २०८१ को शैक्षिक तथ्याङ्क अनुसार माध्यमिक तहका कक्षा ९ र १० मा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ३९२ छात्रा र ३७३ छात्र गरी ७६५ जना तथा कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या ११ छात्रा र १४ छात्र गरी २५ जना गरी माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थीहरुको सङ्ख्या ४०३ छात्रा र ३८७ छात्र गरी ७९० जना रहेको छ। यस तथ्याङ्कलाई हेर्दा माध्यमिक तहको लैङ्गिक अनुपात ०.९६ रहेको छ । हाल माध्यमिक तहको उत्तिर्ण दर ९०.४ रहेको छ भने अझैपनि........ प्रतिशत बालबालिकाहरुको ............ कारणले गर्दा विद्यालयको पहुँभन्दा बाहिर रहेका छन । शैक्षिक सत्र २०८० को माध्यमिक शिक्षा परीक्षाको नतिजालाई हेर्दा यस गाउँपालिकाको समग्र उत्तीर्ण प्रतिशत ३६ रहेको छ भने २.९ विद्यार्थीहरुले विचैमा कक्षा छाडेका छन । हाल यस गाउँपालिका अन्तर्गत माध्यमिक तहमा नेपाली विषयको ३ जना, अंग्रेजी विषयको ७ जना, विज्ञान विषयको ४ जना, गणित विषयको १ जना, सामाजिक विषयको २ जना र अन्य विषयको १ जना गरी जम्मा १८ शिक्षकहरु कार्यरत रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा विद्यार्थी शिक्षक ४४:१ अनुपात र विद्यालय शिक्षक अनुपात ०.४४ रहेको छ ।

यस भगवतीमाई गाउँपालिकामा कक्षा ९ देखि १० को कुल भर्ना दर ८९.२ प्रतिशत रहेको छ । खुद भर्ना दर ७६.४ प्रतिशत छ । कक्षा ११ देखि १२ को कुल भर्ना दर ६२.९ प्रतिशत रहेको छ । खुद भर्ना दर ३४.५ प्रतिशत छ । यस्तै कक्षा ९ देखि १२ को कुल भर्ना दर ७५.८ प्रतिशत रहेको छ भने खुद भर्ना दर ५५.१ प्रतिशत छ । कक्षा ९–१२ मा लैङ्गिक समता सूचक १.१ रहेको छ । संघीयताको कार्यान्वयन पश्चात यस भगवतीमाई गाउँपालिकाले अनिवार्य तथा

निःशुल्क आधारभूत माध्यमिक शिक्षाका लागि शिक्षण सिकाइ अनुदान जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

**चुनौतीहरुः**

- माध्यमिक शिक्षालाई निःशुल्क र पहुँचयोग्य बनाउनु
- सबै विद्यालयमा विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु
- शिक्षक क्षमता विकास तालिम तथा पाठ्यक्रम प्रवोधीकरणको व्यवस्था गर्नु
- उत्पादनमूखी सिकाइ प्रणालीको विकास गर्नु
- भूगोलमा आधारित कला, संस्कृति सम्बन्धी ज्ञान र सीपलाई जोड दिनु

**अवसरहरुः**

- संवैधानिक रुपमा माध्यमिक शिक्षालाई निःशुल्क हुने व्यवस्था हुनु
- माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्रको रुपमा रहनु
- विद्यालयहरुमा २५ प्रतिशत तालिम प्राप्त शिक्षक व्यवस्थापन हुनु
- विद्यालयको भौतिक पूर्वाधार सुविधासम्पन्न हुदै जानु

### ३.३.२ उद्देश्य

१ माध्यमिक शिक्षालाई निःशुल्क बनाउनु

२ माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु

३ माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु

४ माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु

### ३.३.३ रणनीतिहरू

१. माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण, तह समायोजन तथा स्थापना गर्ने

२. नियमित विद्यालयमा उपस्थित हुन नसक्ने तथा विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक शिक्षाका कार्यक्रमहरुको प्रबन्ध गर्ने

३. विद्यार्थीहरुलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने

४. विषयगत दक्ष शिक्षकको व्यवस्थापन गर्ने तथा शिक्षण पेशालाई आकर्षक पेशाको रुपमा विकास गर्न शिक्षक प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

५. सिकाइमा नवीनतम सिकाइ प्रविधि, सूचना तथा सञ्चार प्रविधि तथा डिजिटल प्रविधिको विकास गर्ने

६. माध्यमिक शिक्षाको गुणस्तर वृद्धिका लागि अतिरिक्त क्रियाकलाप र शिक्षकको पेसागत दक्षता अभिवृद्धिका लागि तालिम कार्यशाला तथा अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने

७. हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गरी शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने

८. विद्यालयहरूलाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने

९. आवधिक रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने
१०. कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको छात्रवृत्तिको व्यवस्था गर्ने
११. क्षमता अभिवृद्धि कार्यक्रम र प्रोत्साहनका लागि अतिरक्त सेवा सुविधाको व्यवस्था गर्दै सक्षम,उत्प्रेरित र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- माध्यमिक शिक्षा निःशुल्क भएको हुने
- माध्यमिक शिक्षामा समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुने
- माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने
- माध्यमिक विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ७६५ | | | | | |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | २५ | | | | | |
| ३ | कक्षा ११-१२ मा विज्ञान विषय अध्ययन गर्ने विद्यार्थी सङ्ख्या | | | | | | |
| ४ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड पुरा गरेका विद्यालयको सङ्ख्या | | | | | | |
| ५ | माध्यमिक शिक्षा पुरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि प्रतिशत | | | | | | |
| ६ | समयमै पाठ्यक्रम,पाठ्यपुस्तक तथा पाठ्यसामग्रीको उपलब्धताको अवस्था | | | | | | |
| ७ | विषयगत तालिम प्राप्त शिक्षकको सङ्ख्या | २५% | | | | | |
| ८ | माध्यमिक तहको लैङ्गिक समता सूचक | | | | | | |
| ९ | प्रकोप, विपद् तथा संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील विद्यालय सङ्ख्या | | | | | | |

### ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विद्यालय नक्शाङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | कक्षा थप तथा समायोजन | पटक | ० | | | | | | |
| ३ | विद्यालय बाहिर रहेका बालबालिका पहिचान | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | सबै बालबालिकालाई विद्यालय भर्ना | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | विपन्न तथा दलित समुदाय विद्यार्थी सहयोग तथा छात्रबृत्ति | जना | १० | १० | १० | १० | १० | | |
| ८ | कक्षा ९-१२ विज्ञान अध्ययनरत विद्यार्थीका लागि प्रोहत्सान | जना | २ | २ | २ | २ | २ | | |
| ९ | गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | | |
| १० | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | | |
| ११ | विज्ञान सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १२ | शुक्रवार विद्यालयमा तथा त्रैमासिक वा अर्धवार्षिक रूपमा गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १३ | सिकाइ उपलब्धि कम भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १४ | विद्यालयमा विद्यार्थी नियमितताको लागि अभिभावक फलोअप | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

सामान्य रुपमा प्राविधिक शिक्षालाई गरिखाने शिक्षाका रुपमा चिनिन्छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई नागरिकको जीवनयापन सहज र सरल बनाउनका महत्वपूर्ण आधारको रुपमा लिइन्छ । हाल नेपालमा माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिरहेको भए तापनि प्राविधिक तथा व्यावसायिक शिक्षाका यस्ता अवसरहरु सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केहि गर्न पुँजि लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन् ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले श्रम बजारको आवश्यकताको आधारमा सीप नक्साङ्कन गरी तोकिएको मापदण्डको आधारमा सबै स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप प्रदायक संस्थाहरुको स्थापना गरिनेछ भनी व्यवस्था गर्नुका साथै देश विकासका लागि योग्य, सक्षम, सीपयूक्त र उद्यमशिल नागरिक तयार पार्ने उद्देश्यका साथ राज्यले हरेक इच्छुक नागरिकलाई समावेश एवंम समतामुलक पहुँच स्थापित गर्दै प्राविधि तथा व्यवसायिक तालिमका अवसरहरुलाई व्यापक रुप विस्तार गर्ने रणनिति लिएको छ । यसै सन्दर्भमा भगवतीमाई गाउँपालिकाको माग तथा आवश्यकताको आधारमा युवा जनशक्ति तयार गर्न तथा उत्पादित जनशक्तिलाई पेशा वा व्यावसायमा आवद्ध गरी आर्थिक विकास गर्नका लागि यस योजनामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सम्बन्धी कार्यक्रमहरु समावेश गरिएको छ।

### ३.४.१ वर्तमान अवस्था

यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित ८ वटा माध्यमिक विद्यालयहरु मध्ये १ वटा विद्यालयमा माध्यमिक विद्यालयको  प्राविधिकधार कृषि विषयको पठनपाठन भइरको छ । यस गाउँपालिकाको श्री ज्वाला माध्यमिक विद्यालय बेस्तडामा सामुदायिक विद्यालयमा प्राविधिकधार तर्फको वालीविज्ञान विषयको कक्षा ९-१२ सञ्चालन कृषि कार्यक्रम सञ्चालन भइरहेको छ । हाल प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रममा अध्ययनरत विद्यार्थीहरुको सङ्ख्या ९३ छात्रा र ७२ छात्र गरी जम्मा १६५ जना रहेको छ । आगामी दिनमा पनि विद्यालयले प्राविधिक विषयमा कक्षा सञ्चालन गरेको खण्डमा विद्यालय तहका प्राविधिक शिक्षा अध्ययन गर्न चाहने कम्तिमा वार्षिक ४७ जनाले स्थानीय स्तर मै कक्षा १२ सम्मको प्राविधिक शिक्षा पूरा गर्ने छन । जसले गर्दा स्थानीय स्तरमा आवश्यक कृषि क्षेत्रका दक्ष प्राविधिक उत्पादन भएका हुनेछन र गाउँपालिकाको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको छ । हाल प्राविधिक शिक्षातर्फ कार्यक्रम अन्तर्गत ८ जना सहायक/प्रशिक्षकहरु कार्यरत रहेका छन्।

### ३.४.२ उद्देश्य

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर सुनिश्चित गर्नु
२. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम कार्यक्रमहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त जनशक्तिका लागि स्थानीयस्तर मै रोजगारी तथा स्वरोजगारीका अवसरहरु उपलब्ध गराउनु

### ३.४.३ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको अवसर सृजना गर्ने
२. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने
४. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
५. पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिबासी/जनजाती, दलित, अपाङ्गताभएका नागरिक एवम् आर्थिक रूपले विपन्न समूदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने
६. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने
७. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
८. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- माध्यमिक तहमा अध्ययनरत जम्मा विद्यार्थीहरुमध्ये २२ प्रतिशतले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरेका हुने
- शिक्षा तथा तालिम प्राप्त व्यक्तिले उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालयको सङ्ख्या | १ | | | | | |
| २ | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | १६५ | | | | | |
| ३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्राप्त गरी रोजगारीमा जोडिएका विद्यार्थी सङ्ख्या | | | | | | |
| ४ | स्थानीय स्तरमा पहिचान भई प्रमाणीकरण तथा प्रबर्द्धन भएका परम्परागत सीपहरूको सङ्ख्या | २० | ५ | ५ | ५ | ५ | ५ |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना हुन चाहने तथ्याङ्क संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| २ | प्राविधिकधारका माध्यमिक विद्यालयहरू स्थापना, सञ्चालन | वटा | १ | १ | १ | १ | १ | १ | |
| ३ | प्राविधिकधार सञ्चालन भएका विद्यालयहरू प्रयोगात्मक अभ्यास सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | प्राविधिक शिक्षा तथा व्यवासायिक तालिम सम्बन्धी | पटक | ० | १ | ० | ० | ० | ० | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | जानकारी | | | | | | | | |
| ५ | पढ्दै कमाउदै कार्यक्रम | | | | | | | | |
| ६ | छोटो अवधिका सीपमूलक व्यावसायिक तालिम सञ्चालन | जना | २० | २० | २० | २० | २० | १०० | |
| ७ | स्थानीय स्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणिकरण तथा स्वरोजगारी सिर्जना | जना | १० | १० | १० | १० | १० | ५० | |
| ८ | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धि कार्यक्रम | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ | |
| ९ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | |
| १० | उद्यमशिलता तालिम लिएकाहरुका लागि व्यावसायिक योजना निर्माण कार्यक्रम | जना | ४० | ४० | ४० | ४० | ४० | २०० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

सिकाइ मानिसको जीवनमा निरन्तर चलिरहने प्रक्रिया हो। सिकाइ औपचारिक, अनौपचारिक र अतिरिक्त पद्धतिका माध्यमवाट जीवनजगत र बातावरण विच अन्तरक्रिया गर्दै अनुभवहरु हासिल हुने गर्दछ । हाम्रो समजमा अझैपनि निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट वञ्चित भएका मानिसहरु आफुले पढ्न नपाएकोमा गुनासो गरिरहेका छन । त्यस्ता मानिसहरुको इच्छा आकंक्षालाई कदर गर्न र नेपालको संविधानले निर्दिष्ट गरेका शिक्षा सम्वन्धी मौलिक हक, राज्यको पुनः संरचना अधिकार बाँडफाँड, मुलुकको आर्थिक-सामाजिक रुपान्तरण तथा दिगो विकासको लक्ष्य प्राप्तिका शिक्षामा सबैको सरल, सहज र समतामुलक पहुँच सुनिश्चित गर्नका लागि एवम शिक्षालाई सर्वव्यापी, जीवनपयोगी, प्रतिस्पर्धी एवं गुणस्तरयुक्त बनाउने कुरालाई मध्यनजर गर्दै भगवतीमाई गाउँपालिकले निर्माण गरेको योजनामा अनौपचारिक शिक्षा र आजीवन सिकाइ सम्बन्धी क्रियाकलापहरुलाई समावेश गरिएको छ ।

### ३.५.१ वर्तमान अवस्था

राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार यस भगवतीमाइ गाउँपालिकाको साक्षरता ७५.८ प्रतिशत रहेको छ । जसमा महिला साक्षता ६९.१ र पुरुषको साक्षरता ८२.७ प्रतिशत रहेको छ । यस तथ्याङ्कलाई हेर्दा भगवतीमाई गाउँपालिका क्षेत्र भित्र बसोबास गर्ने २४.२ प्रतिशत मानिसहरु अझैपनि निरक्षर रहेको देखिन्छ । गाउँपालिकाले त्यस्ता निरक्षर व्यक्तिहरुका लागि छुट्टै खालको कुनै खास कार्यक्रम सञ्चालन पनि गर्न सकिरहेको छैन । गाउँपालिकामा रहेको उद्यम विकास शाखामार्फत समय समयमा सञ्चालन हुने कार्यक्रमहरुमा निरक्षर व्यक्तिहरुलाई समावेश गर्न सकिएको छैन । सरकारी निकायबाट अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका कार्यक्रमहरु सञ्चालन हुन नसक्दा शिक्षाको अवसरबाट बञ्चितिमा परेका व्यक्तिहरुको सिकाइ आवश्यकतालाई पूरा गर्न नसकिएको अवस्था छ । यस गाउँपालिकामा हाल ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु सञ्चालनमा रहेका छन भने सामुदायिक पुस्तकालयहरु स्थापना गरी आजीवन सिकाइ प्रवर्द्धन गर्न सकिएको छैन ।त्यतिमात्र होइन सामुदायिक सिकाइ केन्द्रहरुको उचित अनुगमन र स्थानीय सरकारबाट नियमन नहुदा तिनीहरुको प्रभावकारितामा कमि आएको छ ।

**चुनौतीहरु**

- यस गाउँपालिकाका २४.२ प्रतिशत व्यक्तिहरु निरक्षर हुनु,
- गाउँपालिकास्तरमा अवश्यकतामा आधारित अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्नु,
- व्यक्तिको सिकाइलाई दैनिक व्यावहारिक जीवनसँग आवद्ध गराउनु
- सिकाइसँगै सिकारुलाई स्वरोजगार बनाउनु

**अवसरहरुः**

- गाउँपालिकाका ७५.८ प्रतिशत मानिसहरु साक्षर हुनु
- गाउँपालिकामा ४ वटा सामुदायिक सिकाइ केन्द्रहरु स्थापित भई सञ्चालित हुनु

- अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालनका लागि कानूनी आधार हुनु ।

### ३.५.२ उद्देश्य

१. सबै नागरिकका लागि समावेशी र समतामूलक अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु
२. सामुदायिक सिकाइ केन्द्र मार्फत सीप विकास, आय आर्जनमूलक तथा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्नु
३. गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गर्नु

### ३.५.३ रणनीतिहरु

१. आवश्यकताका आधारमा सामुदायिक सिकाइ केन्द्रहरूको नक्साङ्कन, पुर्नवितरण तथा गर्ने
२. सामूदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने
३. सामूदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने
४. सामुदायिक सिकाइ केन्द्र मार्फत आय आर्जन, सीप विकास, सचेतना सञ्चालन जस्ता कार्यक्रमहरु सञ्चालन गराउने
५. सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र सामग्रीको प्रयोग गर्ने
६. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा साक्षरता तथा साक्षरोत्तर कार्यक्रम सञ्चालन गर्ने

### ३.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर प्राप्त हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८८/०८४ | २०८८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा माथिको जम्मा साक्षरता प्रतिशत | ७५.८ | | | | | |
| २ | ५ वर्ष भन्दा माथिका महिलाको साक्षरता प्रतिशत | ६९.१ | | | | | |
| ३ | ५ वर्षभन्दा माथिको पुरुषको साक्षरता प्रतिशत | ८२.७ | | | | | |
| ४ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङख्या | १ | | | | | |
| ५ | सामुदायिक पुस्तकालयहरुको सङ्ख्या | ० | | | | | |
| ६ | अनौपचारिक शिक्षाबाट लाभान्भित नागरिकहरुको सङ्ख्या | | | | | | |

**३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | निरक्षर व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | ० | १ | १ | १ | १ | ४ | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन तथा प्रमाणीकरण | कक्षा | ० | १ | १ | १ | १ | ४ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | वटा | ४ | ४ | ४ | ४ | ४ | ४ | |
| ४ | सामुदायिक पुस्तकालय सञ्चालन तथा व्यवस्थापन | वटा | ० | ० | ० | १ | ० | १ | |
| ५ | सामुदायिक सिकाइ केन्द्र परिचालक तथा व्यवस्थापन समिति क्षमता विकास | पटक | १ | ० | ० | १ | ० | ० | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण तथा सबलीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | साक्षरता कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैर सरकारी निकायसँग साझेदारी र सहकार्य | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ८ | सामुदायिक सिकाइ केन्द्र मार्फत आय आर्जन, सीप विकास, सचेतना सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | पूर्णसाक्षर गाउँपालिका घोषणा | पटक | ० | ० | ० | १ | | | |

# परिच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम तथा पाठ्यसामग्री र मूल्याङ्कन

बालबालिकाको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवं विकास गर्नु, शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु जस्ता कुराहरू पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन । शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम कुनै कक्षा वा तहमा के के सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धीत नभएर विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के-कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्वपूर्ण आधार हो । मानवीय आवश्यकता,बालबालिकाका रुची, सामाजिक मूल्य मान्यता, समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशील र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ।

पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि पहिलो शैक्षिक सामग्रीको रूपमा पाठ्यपुस्तकलाई लिन सकिन्छ । सूचना तथा सञ्चार प्रविधिको उचित विकास नभइसकेको हाम्रो परिवेशमा विद्यार्थीको एकमात्र विकल्पको रूपमा पाठ्यक्रमलाई लिन सकिन्छ । जसले पाठ्यक्रम कार्यान्वयनलाई सहयोग गर्दछ । हाल नेपालमा सामुदायिक विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने गरिएको छ ।

### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्तावेजिकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत रूपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्र स्थापना भएको थियो । पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरता सगैं विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि सं २०७६ मा नयाँ पाठ्यक्रम प्रारूप तयार भइ कार्यान्वयन गर्ने क्रममा २०७७ देखि २०८० सम्म कक्षा १ देखि १२ सम्म कार्यान्वयन भयो ।

यस भगवतीमाई गाउँपालिका अन्तर्गत सञ्चालित सबै विद्यालयहरूमा शैक्षिक सत्रको सुरुवातमै राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६, अनुसारका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु उपलब्ध भई कार्यान्वयन हुदै आएको छ । प्रारुप अनुसारको पाठ्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाले समय समयमा विद्यालयका शिक्षकहरुका लागि पाठ्यक्रम प्रवोधीकरण तथा कष्टमाइज्ड तालिम सञ्चालन गर्दै आएको छ । सबै सामुदायिक विद्यालयहरुमा कक्षा १-३ को पठन तथा गणितीय सिप विकासका सामग्रीहरु गाउँपालिकाले छपाइ गरी वितरण समेत गरेको छ। राष्ट्रिय पाठ्यक्रम प्रारुप,२०७६ ले कक्षा १-८

सम्म एक विषयको स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्नुपर्ने जिम्मेवारी अनुसार यस गाउँपालिकाले स्थानीय विषयवस्तु, वातावरण संरक्षण, दिगोपना, हरित विद्यालय ,वडा र समुदाय जस्ता विषयहरुलाई समेटी हाम्रो भगवतीमाई नामको कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन गरेको छ। गाउँपालिकाका हरेक विद्यालयमा कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन तथा कक्षा १-१२ मा आन्तरिक र बाह्य मूल्याङ्कन नियमित रुपमा सञ्चालन हुदै आएको छ ।यस गाउँपालिकाले पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन सम्बन्धमा शिक्षक कार्यशाला तथा शिक्षक सहजीकरण जस्ता असल अभ्यास गर्दै आएको छ ।

**चुनौतीहरु**

- पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु समयमै उपलब्ध हुने व्यवस्था मिलाउनु
- स्थानीय पाठ्यसामग्रीको विकास, निर्माण तथा प्रयोग गर्नु
- पाठ्यक्रम प्रवोधीकरण तथा क्षमता विकास तालिम सञ्चालन गर्नु
- स्थानीय पाठ्यक्रम विकास तथा परिमार्जन तथा कार्यान्वयनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चतता गर्नु,
- विद्यार्थीहरुका लागि आवश्यक सिकाइ सामग्रीहरु प्रयोगको सुनिश्चितता गर्नु
- विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्नु
- डिजिटल तथा अनलाइन पद्धतिमा आधारित शिक्षण सिकाइका लागि सीप, प्रविधि र पहुँच बिस्तार गर्नु,

**अवसरहरु**

- कक्षा १-१२ सम्म सबै विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तकको व्यवस्था हुनु
- बुक कर्नर तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था हुनु
- नियमित रुपमा पाठ्यक्रम प्रवोधिकरण तालिम सञ्चालन गरिनु
- सरकारले इ-पुस्तकालय तथा सिकाइ चौतारीको विकास गर्नु
- आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय स्थापना हुनु
- स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी विद्यालय र स्थानीय तहलाई दिइनु
- मूल्याङ्कन प्रणालीमा ज्ञानात्मक पक्ष मात्र नभइ सीप र सिर्जनालाई समेत समेटिनु

### ४.१.२ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान सीप र व्यवहार विकासमा सहजीकरण गर्नु

२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु

४ निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु

### ४.१.३ रणनीतिहरू

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी प्रयोगका लागि सम्बन्धित शिक्षक तथा सरोकारवालहरूलाई प्रबोधिकरण गर्ने
३. पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धि गर्ने
४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था सुनिश्चितता गर्ने
६. विद्यार्थी मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा कक्षाकोठामा आधारित बनाउने
७. अन्तिम तथा आवधिक मूल्याङ्कनलाई पाठ्यक्रमअनुसार वस्तुनिष्ठ, विश्वसनीय र स्तरीय बनाउने
८. शिक्षण सिकाइ प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई जोड दिने
९. स्थानीय आवश्यकताका विषयवस्तु समावेश गरी स्थानीय पाठ्यक्रम विकास, निर्माण, परिमार्जन तथा परिवर्तन गर्ने
१०. स्थानीय पाठ्यक्रम कार्यान्वयनका लागि स्थानीय विज्ञताको प्रयोग गरी पाठ्यपुस्तक तथा सिकाइ सामग्रीको विकास गरी त्यसको प्रयोग गर्ने
११. विद्यार्थीको सिकाइका लागि विद्यार्थी सहायता प्रणालीको विकास गर्ने तथा उनीहरुको उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. पाठ्यक्रम आधारित शिक्षण सिकाइद्वारा विद्यार्थीहरुको ज्ञान,सीप र व्यवहारमा परिवर्तन भएको हुने
२. स्थानीय पाठ्यक्रम तथा स्तरीय पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने
३. निरन्तर आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएका विद्यालयको सङ्ख्या | ३२ | | | | | |
| २ | कक्षा १-८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय सङ्ख्या | ३२ | | | | | |
| ३ | निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्ने विद्यालय सङ्ख्या | ३२ | | | | | |
| ४ | डिजिटल सिकाइ सामग्रीको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २ | | | | | |
| ५ | आवधिक परीक्षामा स्तरीकृत प्रश्नको प्रयोग गर्ने विद्यालय सङ्ख्या | २४ | | | | | |
| ६ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम प्राप्त शिक्षकको सङ्ख्या | ३२ | | | | | |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | सबै विद्यार्थीका लागि समयमै निःशुल्क पाठ्यपुस्तकको उपलब्धता | पटक | १ | १ | १ | १ | १ | | |
| २ | सबै शिक्षकका लागि विद्यालयद्वारा पाठ्यक्रम तथा | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | शिक्षक निर्देशिकाको उपलब्धता | | | | | | | | |
| ३ | एकीकृत पाठ्यक्रम सम्बन्धी कष्टमाइज्ड ५ दिने तालिम सञ्चालन आधारभूत तह(कक्षा १-३) | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | |
| ४ | पाठ्यक्रम सम्बन्धि शिक्षक क्षमता विकास (कक्षा ४-१०) | जना | | | | | | | |
| ५ | प्रश्नपत्र निर्माण/निरन्तर विद्यार्थी मूल्याङ्कन फाराम विकास तथा वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | समयानुकूल स्थानीय पाठ्यक्रम परिमार्जन | पटक | ० | १ | ० | ० | ० | १ | |
| ७ | स्थानीय विषयको पाठ्यपुस्तक तथा पाठ्यसामग्री विकास, निर्माण तथा प्रयोग | कक्षा | | ५, ८ | १,३,७ | २,४,६ | | | |
| ८ | कक्षाकोठामा आधारित निरन्तर विद्यार्थी मूल्याङ्कन सहजीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | स्तरीकृत आवधिक विद्यार्थी मूल्याङ्कन तथा परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| १० | विकसित डिजिटल तथा अनलाइन सामग्रीको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ११ | स्रोतविज्ञद्वारा पाठ्यक्रम कार्यान्वयन सम्बन्धी सहजीकरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

कक्षाकोठा भित्र पाठ्यक्रमको कार्यान्वयनका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने काम शिक्षकले गर्नुपर्ने हुन्छ ।शिक्षकलाई पाठ्यक्रम कार्यान्वयनकर्ता, विद्यार्थीको सहजकर्ता, उत्प्रेरक,खोजकर्ता,नवीनतम् ज्ञानहरुको प्रर्वदक,मार्गनिर्देशक जस्ता नामहरुले सम्बोधन गरिएको छ । असल र गुणस्तरीय शिक्षाको लागि तालिमप्राप्त, योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।त्यस्ता शिक्षकहरुको शिक्षण सेवामा प्रवेश गराउनका लागि राज्यले विभिन्न आकर्षक कार्यक्रमहरु सञ्चालन गर्न सकेमा शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षताले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ ।

नेपालमा स्थायी शिक्षकहरुको भर्ना तथा छनौट तथा बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले काम गर्दै आइरहेको छ। त्यसैगरी स्थानीय तहहरुले पनि आवश्यकता अनुसार शिक्षक दरबन्दी सिर्जना, भर्ना छनौट तथा करारमा नियुक्ति गरी विद्यार्थीहरुको सिकाइमा सहजीकरणका लागि सहयोग गर्दै आएका छन । शिक्षा नियमावली २०५९ का अनुसार प्राथमिक तहमा विद्यार्थी सङ्ख्याको आधारमा र निम्न माध्यमिक तथा माध्यमिक तहमा विषय गत रुपमा विद्यमान मापदण्ड ४५ : १ शिक्षक विद्यार्थी अनुपात  कायम गरिएको छ । शिक्षा ऐन तथा नियमावलीले आधारभूत तहमा कम्तिमा ७ दरबन्दी र माध्यमिक तहमा १२ दरवन्दी हुनुपर्ने व्यवस्था गरेको छ ।

नेपालको सन्दर्भमा शिक्षामा विनियोजित बजेटको करिब ७० प्रतिशत बजेट शिक्षकको तलव भत्तामा खर्च हुनुले पनि गुणस्तरीय शिक्षामा शिक्षकको महत्व कति छ र राज्यले शिक्षक व्यवस्थापन तथा विकासमा कति लगानी गरेको छ भन्ने कुरालाई प्रमाणित गर्दछ । नेपालमा विगतदेखि विभिन्न योजना तथा कार्यक्रमहरूले कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याई शिक्षाको गुणस्तरमा सुधार गर्नका लागि शिक्षकहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन । यसैगरी हाल शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास कन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

यस उपक्षेत्र अन्तर्गत भगवतीमाई गाउँपालिकामा शिक्षक ब्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको विश्लेषण गरी शिक्षक ब्यवस्थापन र विकासलाई प्रभावकारी बनाउने सम्बन्धी क्रियाकलापहरु समावेश गरिएको छ ।

### ४.२.१ वर्तमान अवस्था

यस भगवतीमाई गाउँपालिकामा संघीय अनुदान कोटाका १६४ जना र गाउँपालिका अनुदानका २८ जना गरी जम्मा १९२ शिक्षकहरु कार्यरत छन् । यसैगरी प्राथमिक तहमा स्थायी ६१ जना,

अस्थायी ६ जना, राहतका २९ जना र गाउँपालिका अनुदानका ४ जना गरी जम्मा १०० जना शिक्षकहरु कार्यरत छन् भने निम्न माध्यमिक तहमा स्थायी शिक्षक ७ जना, राहत शिक्षक २३ जना, संघीय अनुदानका शिक्षक ५ जना, गाउँपालिका अनुदानका शिक्षक १५ जना प्राविधिक धारका सहायक प्रशिक्षक २ गरी जम्मा ५२ जना शिक्षकहरु कार्यरत छन् । यसैगरी माध्यमिक (कक्षा ९-१०) मा स्थायी शिक्षक ६ जना, राहत शिक्षक ८ जना, संघीय अनुदानका शिक्षक ७ जना, प्राविधिक धार प्रशिक्षक ६ जना, गाउँपालिका अनुदानका शिक्षक ९ जना र निजि स्रोतका शिक्षक शिक्षक २ जना गरी जम्मा ३८ जना शिक्षकहरु कार्यरत छन् । भने माध्यमिक तह (कक्षा ११ र १२) मा अस्थायी दरबन्दीमा २ जना र अनुदान कोटामा २ जना गरी जम्मा ४ जना शिक्षकहरु कार्यरत छन् ।

यसैगरी विषयगत दरबन्दीको हिसाबले निम्नमाध्यमिक तहमा नेपाली विषयका शिक्षक ..... जना, अंग्रेजी विषयका शिक्षक १ जना, गणित विषयका शिक्षक २ जना, विज्ञान विषयका शिक्षक २ जना र सामाजिक विषयका शिक्षक २ जना, छन् भने माध्यमिक तह (कक्षा ९-१०) मा नेपाली विषयका शिक्षक २ जना, अंग्रेजी विषयका शिक्षक १ जना, गणित विषयका शिक्षक १ जना, विज्ञान विषयका शिक्षक १ जना र सामाजिक विषयका शिक्षक १ जना, छन् । यसैगरी माध्यमिक तह (कक्षा ११ र १२) मा नेपाली विषयका शिक्षक १ जना, अंग्रेजी विषयका शिक्षक २ जना र सामाजिक विषयका शिक्षक १ जना, छन् । यस गाउँपालिकाको शिक्षक विद्यार्थी अनुपात प्राथमिक तहमा २३:१ निम्नमाध्यमिक तहमा ४१:१ र माध्यमिक तहमा ५५:१ रहेको छ ।

गाउँपालिकाले शिक्षकको क्षमता विकास लागि शिक्षक तालिम, कार्यशाला र शिक्षकको पेसागत सहयोगका लागि स्रोतविज्ञद्वारा शिक्षक सहजीकरण कार्य गर्दै आएको छ । यसैगरी यस गाउँपालिकाले शिक्षक व्यवस्थापन र विकासका लागि शिक्षकहरुको दरबन्दी मिलान लगायत प्रतिस्पर्धाका आधारमा करार शिक्षक छनोट जस्ता महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

**चुनौतीहरु**

- शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु
- पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचि अनुसारको शिक्षकको आपूर्ति गर्नु
- कक्षाकोठालाई पेशागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु,
- पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु,
- विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दीको व्यवस्थापन गर्नु,
- अपुग शिक्षकको आपूर्ति गाउँपालिकाले आफ्नै लगानीबाट गर्ने गरी स्रोतको व्यवस्थापन गर्नु
- शिक्षकलाई दलगत राजनीतिबाट मुक्त राखु ।
- शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु,
- शिक्षकलाई आधुनिक प्रविधिसंग अध्यावधिक गर्न नसक्नु

- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नु

**अवसरहरु**

- शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु
- बढुवाका नियमित कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाउनु
- शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापनको अधिकार स्थानीय तहलाई हुनु
- शिक्षकको पेशागत विकास प्रारुपअनुसार पेसागत विकासका तीनवटै तरिकाहरु कार्यान्वयनमा आउनु
- स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु
- शिक्षकका पेशागत संस्थाहरु प्रविधि तथा अन्य पेशागत विकाससम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजिकरणमा अभिप्रेरित देखिनु

### ४.२.३ उद्देश्य

१ तहगत, कक्षागत तथा विषयगत रुपमा शिक्षकको व्यवस्थापन गर्नु

२ शिक्षक तालिम र सक्षमता प्रारुपको प्रभावकारी कार्यान्वयन गर्नु

३ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु

### ४.२.४ रणनीतिहरु

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने,

२. शिक्षकको निरन्तर पेसागत विकासका लागि संघ तथा प्रदेश सरकार र विभिन्न शिक्षा क्षेत्रमा काम गर्ने संगको समन्वयमा शिक्षण सीप विकास लगाएतका विषयमा निरन्तर सेवाकालीन तालिम सञ्चालन गर्ने,

३. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक स्रोतविज्ञ तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याउने,

४. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादन स्तरमा सुधार गर्ने,

५. शिक्षक तथा प्रधानाध्यापकको बृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

६. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गर्ने ।

### ४.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. तहगत, कक्षागत तथा विषयगत रुपमा पेसाप्राति प्रतिवद्ध शिक्षकको व्यवस्थापन भएको हुने

२. शिक्षक तालिम र सक्षमता प्रारुपको कार्यान्वयनबाट सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने

३. शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको प्राप्त भएको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | योग्यता र तालिम प्राप्त बालविकास शिक्षकको सङ्ख्या | ३५ | | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | | | | | |
| ३ | माध्यमिक तहमा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | | | | | |
| ४ | सूचना तथा सञ्चार प्रविधि सम्बन्धी तालिम प्राप्त शिक्षकको प्रतिशत | १५ | | | | | |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | |
| ६ | मापदण्ड अनुसार शिक्षक दरबन्दी व्यवस्थापन भएको विद्यालय सङ्ख्या | १ | | | | | |
| ७ | आधारभूत तहमा शिक्षक विद्यार्थी | ६५:१ | | | | | |

| क.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | अनुपात | | | | | | |
| ८ | माध्यमिक तहमा शिक्षक विद्यार्थी अनुपात | ५५:१ | | | | | |
| ९ | विद्यालयमा शिक्षक उपस्थित हुने औषत दिन | | | | | | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन उपसमिति गठन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | शिक्षक दरबन्दी मिलान तथा शिक्षक व्यवस्थापन कार्यविधि निर्माण | पटक | १ | | | | | | |
| ३ | शिक्षक दरवन्दी मिलान, पुनर्वितरण तथा व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| ४ | विद्यार्थी नतिजा तथा कार्य सम्पादनका आधारमा शिक्षक मूल्याङ्कन, प्रोत्साहन तथा सम्मान | जना | १० | १० | १० | १० | १० | ५० | |
| ५ | शिक्षण सिकाइ सहयोग अनुदान | जना | आवश्यकता अनुसार | १ | १ | १ | १ | | |
| ६ | शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरीवेक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | गाउँपालिका स्तरीय शिक्षकहरुको सिकाइ समूह गठन | समुह | ७ | ७ | ७ | ७ | ७ | २१ | |
| ८ | प्रधानाध्यापक बैठक सञ्चालन तथा व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग कार्यक्रम सञ्चालन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| १० | प्रधानाध्यापक तथा शिक्षकहरुसँग करार सम्झौता | विद्यालय | ८ | १४ | २४ | ३२ | ३२ | ३२ | |
| ११ | शिक्षण सिकाइ सहयोग अनुदान | जना | २८ | | | | | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १२ | प्रधानाध्यापक प्रोहत्सान | जना | ० | ३२ | ३२ | ३२ | ३२ | | |
| १३ | स्रोतविज्ञद्वारा शिक्षक सहयोग | प्रति महिना | १५ | १५ | १५ | १५ | १५ | | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

नेपाल सामाजिक-सांस्कृतिक रूपमा विविधता भएको मुलुक हो । हाम्रो देशलाई विविधतामा एकता भएको मुलुक मानिन्छ। नेपाली समाजको विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर परम्परागत रूपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरण परेका समुदायहरू पनि छन् । उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपालीबाहेक अन्य मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक बञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रूपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत, आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसैगरी विभिन्न किसिका अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमा शिक्षाको पहुँच पुऱ्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

नेपालको संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने र अपाङ्ता भएका र आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । यस्तै विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचकसहितको एकीकृत समता रणनीति २०७१ कार्यान्वयनबाट बहुबञ्चितीकरणमा परेका बालबालिकहरूलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ ।

शिक्षा सबैको सरोकार र अधिकारको विषय हो । सामाजिक विभेद र वञ्चितीकरणमा परेका सबै समुदाय, वर्ग, लिङ्ग र क्षेत्रका नागरिकहरुले समतामूलक र सम्मानजनक तरीकाले शिक्षा आर्जन गर्ने अवसर पाउनु पर्दछ । नेपालको संविधानले पनि सो कुरालाई अङ्गिकार गरेको छ ।यस प्रकार सबै बालबालिकाहरुको शिक्षा लिन पाउने मौलिक हक प्रासिका लागि शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्द्धन गर्नु आवश्यक छ । यो सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्त्वपूर्ण र अत्यावश्यक छ ।

यस खण्डमा समता र समावेशीता सम्बन्धी विद्यमान बाधाहरुलाई हटाई विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि लागि अपनाइने रणनीति तथा क्रियाकलापहरु समावेश गरिएको छ ।

### ४.३.१ वर्तमान अवस्था

विविधतायुक्त यस भगवतीमाई गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरुमा अध्ययनरत ४६८८ जना विद्यार्थीहरु मध्ये महिला २३२७ जना, पुरुष २३७१ जना, अन्य लिङ्गी........ जना रहेका छन् भने जातिगत हिसावले व्राह्मण/क्षेत्री २४७३ जना, दलित १९८२ जना,जनजाति ९७ जना र अन्य समुदायका विद्यार्थी १३६ जना रहेका छन। यसैगरी यस पालिकाका विद्यालयहरुमा नेपाली भाषा बोल्ले विद्यार्थी ४६६५ जना र अन्य भाषा बोल्ने विद्यार्थी २३ जना, रहेका छन्। शैक्षिक सत्र २०८० मा गाउँपालिकाभित्रका १९४३ जना बालबालिकाहरुमा अपाङ्गताको प्रारम्भिक पहिचान गरी ४० जना बालबालिकाहरुमा संकास्पद अपाङ्गता भएको प्रमाणित भएको छ । ती अपाङ्गता भएका बालबालिकाहरुका लागि गाउँपालिका, संघसंस्था,नेपाल सरकारले उपकरणको व्यवस्था र वैयक्तिक सहयोग प्रणाली अवलम्बन गरेको छ ।

यस गाउँपालिकाभित्र विभिन्न समस्या र अवरोधका कारण विद्यालयको पहुँचभन्दा बाहिर रहेका बालबालिकाहरुको सङ्ख्या २६ र ५६ जना रहेको छ । त्यस्तै कठिन परिस्थितिमा रहेका बालबालिकाको सङ्ख्या ....... जना रहेको छ भने उनीहरुले अरुको काम गरेर,ज्याला मजदुरी गरेर आफ्नो जीवन धानिरहेका छन्। उनीहरुका समता र सिकाइमा समावेशी सहभागिताका लागि गाउँपालिकाले छात्रवृत्ति, शैक्षिक सामग्री सहयोग प्रवन्ध जस्ता समता लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।सबै सामुदायिक विद्यालयहरुमा सबै बालबालिकाहरुका लागि समयमै पाठ्यपुस्तक उपलब्ध गराउनुका साथै कक्षाकोठाको शिक्षण सिकाइ वातावरण तथा सिकाइ क्रियाकलापमा समता र समावेशीकरणको नीति अवलम्बन गर्ने प्रयासहरु भएका छन्।

जम्मा १९२ जना शिक्षकहरु कार्यरत रहेको यस गाउँपालिकामा हाल महिला शिक्षक ५१ जना र पुरुष शिक्षक १४१ जना कार्यरत हुनुहुन्छ । यसैगरी अपाङ्गता भएका शिक्षक २ जना , ब्राह्मण क्षेत्री समुदायका शिक्षक १६३ जना, दलित समुदायका शिक्षक १९ जना र अन्य ५ समुदायका शिक्षक जना कार्यरत रहेका छन् ।

**चुनौतीहरु**

- सबै बालबालिकाहरुलाई परिवार, समुदाय र विद्यालयबाट उचित सहयोगको वातावरण निर्माण गर्नु,
- अपांगता भएका र पछाडि पारिएका व्यक्तिहरुको सामाजिक समावेशीकरणमा अपेक्षित सुधार गर्नु,
- अपाङ्गताको प्रकृति अनुरुप बालबालिकाको सहज पहुँच हुनेगरी विशेष विद्यालय स्थापना र सञ्चालन गर्नु,
- सिकाइमा भएको कठिनाइ र आवश्यकता अनुसार शैक्षिक सामग्री व्यवस्थापन र प्रयोग गर्नु
- शिक्षकहरुमा समावेशी शिक्षाका आवश्यक दक्षता वृद्धि गर्नु,
- विविध प्रकारका बालबालिकाको तथ्यांक तथा सूचनालाई अद्यावधिक गर्नु,

**अवसरहरुः**

- समावेशी शिक्षाका लागि विभिन्न कानूनी प्रावधानहरु हुनु

- समावेशी शिक्षा सम्बन्धी शिक्षक तालिम कार्यक्रम सञ्चालन गरिनु
- प्राथमिक तहका पाठ्यपुस्तकहरु २५ भन्दा बढि मातृभाषामा प्रकाशन हुनु
- लक्षित समुदायका बालबालिकाहरुलाई विभिन्न प्रकारका आरक्षण र छात्रवृत्तिका कार्यक्रम सञ्चालन गर्नु
- शिक्षक सेवा आयोगले शिक्षक छनौट प्रक्रियालाई समावेशी बनाउनु

### ४.४.२ उद्देश्य

१ लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक रुपमा पहुँच विस्तार गर्नु

२ लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धिमा सुधार गर्नु

३ विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता गर्नु ।

### ४.३.३ रणनीतिहरू

१. बालमैत्री विद्यालय प्रारुप अनुसार सबै विद्यालयमा सिकाइका लागि आवश्यक अपाङ्गतामैत्री तथा लैङ्गिकमैत्री भौतिक तथा शैक्षिक वातावरणको विकास गरी लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराउने

२. अपाङ्गताको प्रारम्भिक पहिचान गर्दै अपाङ्गताका किसिम तथा स्वरुप पहिचान गरी विषेश कार्यक्रमको माध्यमबाट उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यक्ता अनुसार विशेष विद्यालय तथा स्रोत कक्षाको प्रवन्ध गर्ने

३. विद्यालय मार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाउने

४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरिहरू लक्ष्यित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने

५. आाधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गर्ने

६. आवश्यकतानुसार लक्षित समूहका सबै बालबालिकाहरुको पोशाक, स्टेसनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने

७. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गरिने छ गर्ने

८. लक्षित समुहका बालबालिकाका सिकाइ आवश्यकता सम्बोधन गरी उनीहरुको गुणस्तरीय शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि समयसापेक्ष पाठ्यक्रममा अनुकुलन, नमुना शैक्षिक सामग्रीको विकास तथा शिक्षण गर्ने सिपयुक्त जनशक्तिको व्यवस्था गर्ने

९. विद्यालयमा अभिभावकको संलग्नता बढाउने तथा विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गर्ने

१०. विशेष बालबालिकाहरुलाई आत्मनिर्भर र बनाउन दिगो विकासका लागि हरित सीपमा आधारित जीवनपयोगी सीपमूलक शिक्षा र तालिमको अवसर सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षक तयारी र संस्थागत संरचनाको पुनरावलोकन गर्ने

११. अपाङ्गता भएका बालबालिका तथा व्यक्तिहरूको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गर्न आवश्यक पाठ्यक्रम, पाठ्यपुस्तक तथा श्रव्य दृश्य र सहयोग सामग्रीको विकासमा सहजीकरण गर्ने

१२. अपाङ्गता भएका बालबालिकाहरूको अपाङ्गताको अवस्था हेरी अन्य बालबालिकाहरूसँगै बसेर सिक्न पाउने गरी समावेशी शिक्षाको व्यवस्था गर्न भूमिका निर्वाह गर्ने ।

### ४.३.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी र समतामूलक पहुँच सुनिश्चित भएको हुने छ ।

२. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने छ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ३ | माध्यमिक तहमा विद्यालय विद्यालय बाहिर रहेका बालबालिकाको सङ्ख्या | | | | | | |
| ४ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | | | | | |
| ५ | लैङ्गिकमैत्री र अपाङ्गतामैत्री विद्यालय सङ्ख्या | | | | | | |
| ६ | समावेशी र समतामूलक पहुच पुगेका विद्यालय सङ्ख्या | | | | | | |
| ७ | विद्यार्थीको विद्यालयमा उपस्थित हुने औषत दिन | | | | | | |
| ८ | बालमैत्री विद्यालयका रुपमा घोषणा भएका विद्यालय सङ्ख्या | | | | | | |
| ९ | विशेष सुविधासहित स्रोत कक्षा सञ्चालित विद्यालय सङ्ख्या | | | | | | |
| १० | समावेशी शिक्षा सम्बन्धी तालिम | | | | | | |

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८८/०८४ | २०८८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | प्राप्त शिक्षक सङ्ख्या | | | | | | |
| ११ | छात्रवृत्ति तथा अन्य सुविधा प्राप्त गर्ने लक्षित समूहका विद्यार्थी सङ्ख्या | | | | | | |
| १२ | कठिन परिस्थिका बालबालिकाका लागि आवश्यक प्रवन्ध र सहयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनुका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रम तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | ० | १ | १ | १ | १ | | |
| २ | बालबालिकाको अपाङ्गता सम्बन्धी प्रारम्भिक परीक्षण गरी अपाङ्गताका आधारमा | निरन्तर | १ | १ | १ | १ | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | | | | | | | | |
| ३ | बालबालिकाको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुलाई समावेश | पटक | | | | | | | |
| ४ | शिक्षामा समता र समावेशीकणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघसंस्था बिच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | |
| ५ | निर्देशिका अनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनौट तथा छात्रवृत्ति वितरण | विद्यार्थी सङ्ख्या | | | | | | | |
| ६ | अपाङ्गता तथा लैङ्गिकमैत्री विद्यालय तथा भौतिक | वटा | | | | | | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | संरचना निर्माण | | | | | | | | |
| ७ | विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालय भित्र ल्याउन तथा अध्ययनमा निरन्तरताको सुनिश्चित गर्न जनसहभागिता सहितको कार्यक्रम सञ्चालन | पटक | | | | | | | |
| ८ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा गर्ने व्यवस्था मिलाउने | | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

स्वास्थ्य मानिसको पहिलो धन हो । शरीर स्वस्थ रहनका लागि आवश्यक मात्रामा पोषणको आवश्यक्ता पर्दछ। गुणस्तरीय शिक्षाका लागि मानव स्वस्थ शरीर महत्वपूर्ण आधार हो। बालबालिकाहरु स्वस्थ नभए सम्म उनिहरुले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् किनकी स्वस्थ शरीरमा नै स्वस्थ दिमाग रहन्छ भन्ने भनाइ वास्तविक र धुर्वसत्य कुरा हो । बालबालिकाहरुको गुणस्तरीय र सहज सिकाइका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु हरेक अभिभावक तथा सरोकारवालाहरुको कर्तव्य हो । अहिलेको सबैभन्दा ठूलो समस्या भनेको बालबालिकाहरुमा बजारमा पाइने पाकेटमा राखिएका रेडिमेड खाद्यपदार्थ र पेय पदार्थहरु खाने बानि हो। यी पदार्थहरु स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि हुन्छ । त्यसैले यस विषयलाई गंभिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरु संचालन गर्नु पर्दछ । हाल नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरुले विद्यालयमा स्वस्थ दिवाखाजा, निःशुल्क सेनिटरी प्याड, नियमित स्वास्थ्य जाँच, बेलाबेलामा विभिन्न खोपहरुको व्यवस्था तथा सरसफाइ सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको सन्दर्भमा यस भगवतीमाई गाउँपालिकाले पनि विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम अन्तर्गतका विभिन्न विषयवस्तुलाई योजनाको यस खण्डमा समावेश गरेको छ ।

### ४.४.१ वर्तमान अवस्था

नेपाल सरकारको वार्षिक कार्यक्रम अनुसार हाल यस गाउँपालिकाका सामुदायिक विद्यालयमा बालविकास कक्षा देखि ५ कक्षासम्म अध्ययनरत सबै विद्यार्थीलाई  दिवाखाजा प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रमका लागि यस वर्ष करिव ७९ लाख ७० हजार रकम यस गाउँपालिकामा नेपाल सरकारबाट ससर्त अनुदानका रुपमा वित्तीय हस्तान्तरण भइ आएको छ भने उक्त कार्यक्रमबाट यस गाउँपालिकाका करिब १३६५ जना छात्र र १३१० छात्रा गरी जम्मा २६७५ जना बालबालिकाहरु लाभान्वित हुनेछन् । दिवाखाजा व्यवस्थापनका ३० विद्यालयमा विद्यालयका कर्मचारी मार्फत र २ विद्यालयमा नजिकको पसलबाट दिवाखाजा निर्माण गरी खुवाउन् कार्य सञ्चालन हुदै आएको छ । स्थानीयस्तरमा उत्पादित पोषिलो खाद्यपदार्थहरुबाट बनेका मापदण्ड अनुसारका परिकारहरु विद्यालयले वार्षिक औषत १८० दिनका लगि नियमित रुपमा खुवाउदै आएका छन् । यस दिवा खाजा कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने तथा  शैक्षिक उपलब्धिहरू हासिल गर्न सहयोग पुऱ्याएको देखिन्छ। यद्यपि वित्तीय अवस्थाको कुरा गर्दा धेरैजसो विद्यालयमा आवश्यक भौतिक पूर्वाधार, सामग्री तथा खाजा बनाउने व्यक्तिलगायत व्यवस्थापकीय कार्य तथा क्षमता विकासका लागि बजेटको प्रबन्ध गरिएको छैन भने आवश्यक पौष्टिक खानाका लागि मूल्य वृद्धिको अनुपातमा प्रति एकाइ हालको बजेट रु.१५ पर्याप्त देखिदैन ।

यसैगरी यस पालिकामा नेपाल सरकारको कार्यक्रम अनुसार बालबालिकाहरुका लागि अर्धवार्षिक रूपमा जुकाको औषधि वितरण ३२ वटा विद्यालयहरुमा प्राथमिक उपचार सामग्रीको बाकस कक्षा ६-१० का बालिकाहरूका लागि आइरन चक्की १४ वटा विद्यालयमा वितरण गरिएको छ ।

विद्यालयमा शौचालयको व्यववस्था भए तापनि प्रर्याप्त पानी र शौचालय प्रबन्ध हुन सकेको छैन । अपाङ्गता भएका बालबाविकाका लागि अपाङ्गमैत्री शौचालय निर्माण गर्न भने बाँकि नै छ । विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि वर्ष भरी पुग्ने गरी निःशुल्क सेनिटरी प्याडको व्यवस्थापन गरिएको छ भने १४ वटा विद्यालयमा सेनिटरी प्याड डिस्पोजल मेसिनको व्यवस्था तथा प्रयोग र सञ्चालन गरिएको छ । जसले गर्दा छात्राहरुको विद्यायमा नियमितता हुने दर बढेको छ। धेरैजसो विद्यालयमा अझै पनि सुरक्षित र सहज चेन्ज कोठा पानी तथा सरसफाइ प्रबन्धको कम्जोरी तथा प्रयोग भएका सामग्रीको व्यवस्थापन स्थानको अभाव, महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था गर्न सकिएको छैन ।

**चुनौतीहरुः**

- दिवा खाजा कार्यक्रमको कार्यान्वनमा सरोकारवालाहरुको जिम्मेवारी तथा भूमिका स्पष्ट गर्न
- बालबालिकाको खाद्य तथा पोषणलाई कानुनी अधिकारको रुपमा स्थापित गराउनु
- विद्यार्थीहरुको नियमित स्वास्थ्य जाँच गर्ने कार्यलाई सबै विद्यालयमा कार्यान्वयन गर्नु
- दिवाखाजालाई स्थानीय उत्पादन र निर्देशित मापदण्ड अनुसार कार्यान्वयन गर्नु
- सेनिटरी प्याडको भरपर्दो वितरण तथा व्यवस्थापन गर्नु
- सबै विद्यालयमा स्वच्छ खानेपानी तथा शौचालयको प्रबन्ध गर्नु
- दिवाखाजामा व्यवस्थापनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन तथा परिचालन गर्नु

**अवसरहरुः**

- सबै सामुदायिक विद्यालयहरुमा ECD देखि ५ सम्मका सम्पुर्ण बालबाललिकाहरुलाई दिवा खाजाका लागि सशर्त अनुदानको व्यवस्था गरिनु,
- स्थानीय स्तरमा उत्पादित खाद्यान्नका आधारमा विद्यालय खाजा मेनुको निर्माण गरिनु
- स्थानीय तहमा स्वास्थ्य र शिक्षा शाखाले समन्वय र सहकार्य गर्न सक्ने प्रकारको संरचना निर्माण हुनु,
- विद्यालयमा अध्ययनरत् किशोरीहरुलाई निःशुल्क आइरन फोलिक एसिड र सेनेटरी प्याड वितरण गरिनु,
- बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनमा रहनु
- निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिनु
- स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन हुनु

### ४.४.२ उद्देश्य

१. विद्यालयमा स्वस्थ तथा पोषणयुक्त स्थानीय पौष्टिक तत्वयुक्त दिवाखाजा प्राप्तिको सुनिश्चितता गर्नु,

२. सबै बालबालिकाहरुमा पोषणयुक्त खाना खाने बानीको बिकास गर्नु

३. पोषण, स्वास्थ्य तथा सरसफाइ सेवाको विस्तार र गुणस्तर सुधार गरी विद्यार्थीको स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु

### ४.४.३ रणनीतिहरू

१. विद्यालयमा स्थानीय उत्पादनबाट तयार गरिएको पौष्टिक खाजाको व्यवस्था गर्नका लागि अभिभावकहरुलाई सघाउने तथा स्वास्थ्य र पोषणबारे अभिभावकहरुका लागि सचेतना कार्यक्रम सञ्चालन गर्ने
२. दिवाखाजाका लागि विद्यालयमा आवश्यक पर्ने भौतिक तथा मानवीय साधनको उचित प्रवन्ध गर्ने
३. विद्यालयमा स्थानीय विषयको रुपमा वा स्वास्थ्य विषयमा जोडेर पोषण शिक्षालाई प्राथमिकताका साथ अध्यापन गराउने
४. विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमले तयार गरको विद्यार्थी हाजिरी कापीको अनिवार्य रुपमा सबै विद्यालयले प्रयोग गर्ने र त्यसमा उल्लेखित विषयमा विश्लेषण गरी अभिभावकलाई समय समयमा जानकारी गराउने
५. विद्यालयले प्रत्येक ३ महिनामा सबै विद्यार्थीको तौल र उचाईं मापन गर्ने र कुनै गंभिर लक्षण भए तत्काल र सामान्य अवस्थामा वर्षको एक पटक अभिभावकलाई जानकारी गराउने तथा स्थानीय स्वास्थ्य संस्थासँग सहकार्य गरेर प्रत्येक ३ महिनामा विद्यार्थीहरुको स्वास्थ्य परीक्षण गराउने ।
६. विद्यालयमा प्राथमिक उपचार किट,जुकाको औषधी तथा भिटामिन ए र आइरन फालिक एसिड आदिको वितरण र छात्राहरुका लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन सम्बन्धी कार्यलाई स्वास्थ्य शाखा तथा स्वास्थ्य चौकीहरुको सहकार्यमा नियमित र प्रभावकारी बनाउने
७. दिवाखाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन , संयन्त्र र प्रक्रियामा पुनरनवलोकन गरी थप प्रभावकारी बनाउने
८. गाउँपालिकाका सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्याका आधारमा स्वच्छ खानेपानी र छात्र र छात्राका लागि प्रयाप्त पानी, साबुन तथा सरसफाइ सामग्री सहितको बेग्लाबेग्लै शौचालय तथा किशोरीहरुका लागिचेन्ज रुम, प्रयोग भइसकेका सामग्रीहरुको व्यवस्थापन, हातधुने ठाउँ व्यवस्था मिलाउने र हरेक विद्यालयमा ऐना र साबुनको व्यवस्था गर्ने । हरेक विद्यार्थीहरूद्वारा नै शौचालय सफा गर्ने नियम पालन गर्न अभिप्रेरित गर्ने ।

### ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

१. विद्यालयमा स्वस्थ तथा पोषणयुक्त स्थानीय पौष्टिक तत्वयुक्त दिवाखाजा प्राप्तिको सुनिश्चितता हुने,
२. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार हुने
३. स्वस्थ, सुरक्षित तथा रमाइलो वातावरणमा पूर्ण पहुँच सहित सिकाइ उपलब्धिमा सुधार हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | | | | | | |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गर्ने बालबालिकाको प्रतिशत | | | | | | |
| ३ | पोषिलो खाजा तयारीको लागि विद्यालयमा आवश्यक पर्ने पुर्वाधार व्यवस्थापन भएका विद्यालय सङ्ख्या | | | | | | |
| ४ | दिवाखाजा प्राप्त गर्ने कक्षा | | | | | | |
| ५ | स्थानीय उत्पादनमा आधारित दिवा खाजा व्यवस्थापन गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ६ | विद्यालय नर्सको व्यवस्थापन भएको विद्यालय सङ्ख्या | | | | | | |
| ७ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ८ | प्राथमिक उपचारको आवश्यक प्रवन्ध भएको विद्यालय सङ्ख्या | | | | | | |
| ९ | छात्रामैत्री शौचालय भएको विद्यालय सङ्ख्या | | | | | | |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | आधारभूत तहमा अध्ययनरत बालबालिकाहरुका लागि दिवाखाजा | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| २ | दिवाखाजाका लागि भाडावर्तन तथा आवश्यक सामग्रीको व्यवस्थापन | विद्यालय | | | | | | | |
| ३ | विद्यालय दिवाखाजाको मेनु तयार गरी खाजा खुवाउने | विद्यालय | ३२ | ३२ | ३२ | ३२ | ३२ | | |
| ४ | स्थानीयस्तरमा उत्पादन भएका सामग्रीहरु दिवाखाजामा प्रयोग गर्न प्रोहत्साहन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | दिवाखजा व्यवस्थापन सम्बन्धमा सरोकारवालासंग अन्तरक्रिया/क्षमता विकास | पटक | ० | १ | ० | १ | ० | | |
| ६ | आधारभूत तहमा अध्ययनरत किशोरीहरुका लागि निःशुल्क सेनिटरी प्याड वितरण | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | प्रयोग भएका सेनिटरी प्याड तथा महिनावरी स्वच्छता सामग्री व्यवस्थापनका लागि | पटक | १ | १ | ० | | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | वितरण/डिस्पोजल मेसिन व्यवस्थापन | | | | | | | | |
| ८ | महिनावारी स्वच्छता सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | | | | |
| ९ | स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मीद्वारा विद्यार्थीको स्वास्थ्य जाँच | प्रति विद्यालय ३ महिना | १ | १ | १ | १ | १ | | |
| १० | किशोरीहरुका लागि आइरन तथा फोलिक एसिड वितरण | वटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| ११ | जुकाको औषधी वितरण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १२ | पोषण शिक्षा सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |

## ४.५ विद्यालय सुरक्षा विपत्, न्यूनिकरण तथा उत्थानशीलता

हरेक बालबालिकाहरुले सुरक्षित रुपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागि हुन पाउने उनीहरुको नैर्सगिक अधिकार हो । नेपालको संविधानमा नै कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ । बालबालिकाहरुले सबै भन्दा बढी समय विताउने स्थान भनेको विद्यालय हो । नेपालमा निरन्तर दोहोरिने प्रकोपका कारण विद्यालयका संरचनामा हुने क्षति, शिक्षण सिकाइमा हुने अवरोध, विद्यार्थीले विद्यालय छोड्न बाध्य हुने अवस्था र स्थानीय समुदायको उत्थानशीलता अभिवृद्धिमा आउने अवरोध मननीय पक्ष हुन्। परिणामस्वरूप विद्यार्थीले विद्यालयमा सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण प्राप्त गर्न सकिरहेका छैनन्।

विद्यालय सुरक्षाका निमित्त विपद् जोखिम न्यूनीकरण र उत्थानशीलताका लागि विश्वव्यापी सञ्जाल र संयुक्त राष्ट्र सङ्घीय विपद् जोखिम न्यूनीकरण सचिवालयले बृहत् विद्यालय सुरक्षा ढाँचा तयार गरेको छ ।यस ढाँचामा सुरक्षित सिकाइ सुविधा, विद्यालय विपद् व्यवस्थापन र जोखिम न्यूनीकरण र उत्थानशील शिक्षासहितका तीन ओटा आधारस्तम्भ रहेका छन्। नेपालको शिक्षा क्षेत्रलाई सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण विकासका निमित्त उल्लिखित तीनओटा आधारस्तम्भले लिएको लक्ष्य प्राप्त गर्न शिक्षा क्षेत्रका नीति, ऐन, नियम र सङ्घीय, प्रादेशिक र स्थानीय तहका योजनाका साथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा समायोजन गर्नु आवश्यक रहेको छ । यसका लागि शिक्षा क्षेत्रको प्रकोप लेखाजोखा गर्दा बालबालिकालाई केन्द्रमा राख्नु जरुरी छ ।

### ४.५.१ वर्तमान अवस्था

भौगीलिक रुपमा र विकट नै मानिने यस भगवतीमाई गाउँपालिका अन्तर्गतका........ वटा विद्यालयहरु बालमैत्री विद्यालय कार्यढाँचाको मापदण्ड अनुसार सञ्चालित छन् । यसैगरी .......... वटा विद्यालयहरुमा हाल विपद् उत्थानशील बातावरण तयार पारिएको छ । पालिकाभर ..... वटा कक्षाकोठा रहेकोमा ..... वटा कक्षाकोठाहरु सबैका लागि सुरक्षित मानिएको छ । वि.स. २०७२ तथा त्यसभन्दा पछिको विनाशकारी भूकम्पबाट यस पालिकाका ....... विद्यालयहरुमा अध्ययनरत ...जना बालबालिकाहरु प्रभावित भएका थिए ।ती विद्यालय तथा बालबालिकाहरुको सुरक्षित र निरन्तर सिकाइका लागि स्थानीय तहबाट.................जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका थिए । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड–१९ ले नेपालमा पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुऱ्यायो । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न नेपाल सरकारले २०७६ चैत्र ४ देखि सबै शिक्षण संस्थाहरू, नियमित पठनपाठन र सबै तहका परीक्षाहरूका साथै शिक्षासँग सम्बन्धित सामाजिक सुरक्षा, विकास निर्माण, अध्ययन अनुसन्धान तथा सामुदायिक कार्यक्रमहरू स्थगित गरिएको थियो । उक्त कोभिड-१९ महामारीबाट यस गाउँपालिकाका ३४ बालविकास केन्द्रहरू, ३३ विद्यालयहरू तथा ती बालविकास केन्द्रमा र

विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि १२ सम्म ३३२७ जना छात्रा र ३३२७ जना छात्र गरी जम्मा ६६५४ जना बालबालिकाहरू र १९० शिक्षकहरूको दैनिक शिक्षण सिकाइ कार्य अवरुद्ध भएको थियो। जसका कारण सबै कक्षाका अन्तिम परीक्षाहरू समेत प्रभावित हुन पुगे । यतीमात्र होइन कोभिड १९ को दोस्रो लहरका कारण पुन बालबालिकाको शिक्षण सिकाइ क्रियाकलाप पुन प्रभावित भएको थियो। यस सन्दर्भमा नेपालले विभिन्न वैकल्पिक माध्यमहरुबाट बालबालिकाहरुको सिकाइलाई निरन्तरता दिने कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । हाल कोभिड १९ बाट भएको सिकाइ क्षतिलाई न्यूनीकरण गर्नका लागि सिकाइ आफुरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) कार्यान्वयनमा आएको छ । दुबै चरणका कोभिड महामारीका समयमा यस गाउँपालिकाकाले बालविकास देखि कक्षा ३ सम्मका बालबालिकाहरुका लागि अभिभावकको सहयोगमा सिकाइ सहजीकरण सामग्री वितरण तथा सरसफाइ सामग्री वितरण कार्यक्रमहरु सञ्चालन गरी बालबालिकाकाहरुको महामारीमा पनि सिकाइलाई निरन्तरता दिइ उनीहरुको पढन पाउने अधिकारलाई सुरक्षित गरेको थियो।

विपद् तथा प्राकृतिक प्रकोपको जोखिमका हिसाबले यस गाउँपालिका दैलेखका स्थानीय तहहरु मध्ये पहिरो पहिलो नम्बरमा पर्दछ । यस गाउँपालिकामा विभिन्न समयमा आगलागी, बाढी, पहिरो तथा अन्य विपत्तिबाट ….. विद्यालयहरु तथा …..बालबालिकाहरु प्रभावित भएको देखिन्छ भने प्रभावित विद्यालयको व्यवस्थापन र बालबालिकाहरुको सिकाइमा निरन्तरता दिनका लागि भगवतीमाई गाउँपालिकाले …… जस्ता कार्यक्रमहरु सञ्चालन गरेको थियो। यसैगरी आगामी दिनमा आउन सक्ने विभिन्न विपद् न्यूनीकरण तथा उत्थानशीलताका लागि यस गाउँपालिकाले ………….. कार्यक्रमहरु सञ्चालन तथा तयारी गरेको छ । यस्तै आपतकालीन अवस्थामा शिक्षा र सिकाइ निरन्तरताका लागि …… जस्ता व्यवस्था तथा प्रयास भएका छन्। जसका कारण भविष्यमा विपद् आइहाले पनि विद्यालय तथा बालबालिकाहरु सुरक्षित हुने र सिकाइमा निरन्तरता हुने देखिन्छ ।

**चुनौतीहरुः**

- विपद्का कारण उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु,
- आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु,
- विपद् व्यवस्थापनका लागि स्रोत, समय सीमा, जिम्मेवारी सम्बन्धमा भरपर्दो वातावरणको निर्माण गर्नु ,
- विद्यालय सुरक्षाका लागि नीतिगत रुपमा भएका व्यवस्थाहरुलाई कार्यान्वयन गर्नु,

**अवसरहरुः**

- भवन निर्माण सम्बन्धी आचारसंहिताले कार्यान्वयन हुनु
- गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति र कोष निर्माण तथा परिचालन हुनु

- विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरुका हस्ताक्षर गर्नु
- सुरक्षित विद्यालय व्यवस्थापनका लागि विभिन्न संघसंस्थाहरुले पालिकासँग सहकार्य र सहलगानी गर्नु
- नागरिक समाज, सरकार तथा संघसंस्थाहरु हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख हुनु
- महामारी र प्रकोपको अवधिमा सरकार,संघसंस्था तथा व्यक्तिहरुले समेत उल्लेख्य योगदान गर्नु

### ४.५.२ उद्देश्य

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु
३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चि गर्नु

### ४.५.३ रणनीतिहरू

१. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यबस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधि तयार गर्ने
२. सम्भावित प्रकोप तथा विपत्सम्बन्धी पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी गराउने
३. कोभिड-१९ लगायतका महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने
४. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने
५. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तया त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने
६. विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने
७. स्थानीय स्तरमा शिक्षा समूह (Education Cluster) निर्माण तथा परिचालन गर्ने
८. शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने
९. विपत् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने
१०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड,२०८० अनुसार केन्द्रमा सहजिकरण समिति र स्थानीय तहमा स्थानीय तह स्तरीय विद्यालय पूर्वाधार विकास समिति जसले विद्यालय निर्माण, लैङ्गिक समता एवम् समावेशीकरण, विद्यालय विपत् व्यवस्थापन तथा विपत् जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा तथा सेफगार्ड पक्षसम्बन्धी काम, अनुगमान तथा निरिक्षण गर्ने

११. विपत् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायविच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने
१२. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने

### ४.५.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

- विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुने छ।
- सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुने छ।
- आपतकालिन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुने छ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८/०८४ | २०८/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सीपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चलन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |
| २ | हरित विद्यालयसङ्ख्या | | | | | | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासनिम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड निर्माण | वटा | ० | १ | | | | | |
| २ | सिकाइ आपुरण तथा द्रुत | वटा | १ | १ | १ | १ | १ | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| | सिकाइ योजना कार्यान्वयन(ReAL Plan) | | | | | | | | |
| ३ | विपद् पूर्वतयारी,प्रतिकार्य,पुनर्स्थापना तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | | | | | | | |
| ४ | विपत् प्रतिरोधी विद्यालय सङ्ख्या | वटा | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयको भौतिक पूर्वाधार बालबालिकाहरुको सिकाइका लागि पहिलो सर्त हो । शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसापिसाब गर्नका लागि शौचालय, सरसफाइ र पिउनका लागि स्वच्छ पानी फर्निचर, घेराबार जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । नेपालको सन्दर्भमा शिक्षा नियमावली,२०५९ ले प्रारम्भिक बालविकास तथा प्राथमिक तहका कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत (कक्षा ६-८) तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकि दिइको छ । यसैगरी राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । यिनै प्रावधानहरुलाई दृष्टिगत गर्दै योजनाको यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थादेखि यसलाई सुधार गर्नका लागि सञ्चालन गरिने आवश्यक क्रियाकलापहरु समावेश गरिएका छन् ।

### ४.६.१ वर्तमान अवस्था

यस गाउँपालिकामा हाल कुल विद्यालयको सङ्ख्या ३३ मध्ये ३२ सामुदायिक विद्यालय रहेका छन्। यस गाउँपालिकाका सबै सामुदायिक विद्यालयहरूमा गरी जम्मा १२८ विद्यालय भवन रहेकामा ६५ भवन पक्की छन् । ती भवनहरूमा जम्मा २१४ कक्षाकोठा सञ्चालनमा रहेका छन् भने .................. ओटा कोठा नपुग रहेको रहेको छ । प्रधानाध्यापकका लागि बेग्लै कोठा जम्मा ३ विद्यालयमा मात्र देखिन्छ भने ६ विद्यालयमा अलग्गै कम्प्युटरको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या ५४ रहेकोमा धेरै जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन । शौचालयमध्ये छात्र छात्राका लागि छुट्टाछुटै शौचालय भएका विद्यालयहरु १२ वटा छन्। विद्यालयहरूमा जम्मा .................. स्टाफ कोठा, ........... पुस्तकालय कोठा र .............. खेलकुद कोठा रहेका छन् भने .................. ओटा कोठामा विज्ञानका ल्यावहरू रहेका छन् । यस गाउँपालिकामा विभिन्न विपद् तथा प्रकोप र अन्य कारणबाट २ विद्यालयहरूका ८ कक्षाकोठामा क्षति पुगेको देखिन्छ । जसमध्ये हालसम्म २ विद्यालयहरू पुनर्निर्माण भइसकेका छन् भने ६ विद्यालय निर्माण सम्पन्न हुने क्रममा रहेका छन् । विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत भएका विद्यालयहरुको सङ्ख्या ....... रहेको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला/प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभाहल, मञ्च, बगैचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष) के र कति आवश्यक हो पर्ने हो र पूर्वाधार निर्माणको दायित्व संघ, प्रदेश र स्थानीय तह कसले कसरी लिने हो भन्ने विषय स्पष्ट गर्नु आवश्यक देखिएको छ ।

विद्यालय शिक्षामा प्रयोग भएको पूर्वाधारका सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन व्यवस्थापन प्रणालीमा आबद्ध भए तापनि पूर्वाधारको प्राविधिक एवम् वस्तुनिष्ठ आकलन गर्न सकिएको छैन ।

**चुनौतीहरु**

- विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको कमी हुनु
- पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु,
- सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु,
- सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मास्टर प्लान विकास गर्नु,
- आवश्यक स्रोत अभाव हुनु
- अपुग रकमका लागि अभिभावकहरुबाट योगदान हुने कुराको सुनिश्चितता गर्नु,
- पूर्वाधारहरूलाई बालमैत्री, अपङ्गतामैत्री, लैङ्गिक मैत्री र सिकाइमैत्री र वातानुकुलित बनाउनु,
- निर्माण कार्यलाई विवाद र उजूरी रहित बनउनु ।
- स्थानीय आवश्यकता र उपलब्ध स्रोतको आधारमा निर्माणको लागत र मोडेलको विकास गर्नु

**अवसरहरुः**

- विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु र जनप्रतिनिधिहरुले विद्यालयको पूर्वाधार निर्माणको पक्षलाई महत्व र चासो दिनु,
- तीनै तहका सरकारले पूर्वाधार निर्माणका लागि बजेट र कार्यक्रमको व्यवस्था गरिनु,
- पूर्वाधार निर्माणको सवालमा समुदायको योगदान अक्षुण्ण जस्तै हुनु,
- अधिकांस विद्यालयहरुका पूर्वाधार विगतको तुलनामा सुधार हुदै गएको देखिनु,
- निर्माण हुने पूर्वाधारहरुलाई भुकम्प प्रतिरोधी हुने गरी निर्माण गर्न अनिवार्य गरिनु
- गैरसरकारी नियकाहरुले पुर्वाधार निर्माण सहयोग गर्नु ।

### ४.६.२ उद्देश्य

१. विद्यालयको सुरक्षित पूर्वाधार विकासका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास मर्मत सम्भार तथा सबलीकरण गर्नु

३. विद्यार्थी सङ्ख्या कम भएको क्षेत्रमा आवासीय विद्यालयको पूर्वाधारको विकास गर्नु

### ४.६.३ रणनीतिहरू

१. विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्या तथा भौगोलिक अवस्थाको आधारमा आवश्यक मापदण्डको विकास गर्ने

२. एक विद्यालयमा तोकिएको मापदण्ड पूरा गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।

३. विद्यालय पूर्वाधार विकासका लागि संघ, प्रदेश तथा स्थानीय र अन्य संघ संस्था एबम् सरोकारवालाहरुको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रवन्ध गर्ने

४. विद्यालय सुरक्षित बनाउन आवश्यकता अनुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मतका लागि व्यवस्था गर्ने
५. पूर्वाधार निर्माण संगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गर्ने
७. भौतिक पूर्वाधार निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने
८. निर्माण गरिएको विद्यालय पूर्वाधार विकासको संरक्षण संवर्धन र निगरानिका लागि समुदायका मानिसहरुमा अपनत्वको भावनाको विकास गर्ने
९. पातलो बस्ती र कम विद्यार्थी सङ्ख्या भएका क्षेत्रमा एउटा सुविधासम्पन्न आवासीय माध्यमिक विद्यालय सञ्चालन हुने गरी भौतिक पूर्वाधारको विकास गर्ने

### ४.६.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धिः**

- सबै विद्यालयमा प्रयाप्त भौतिक संरचना निर्माण हुने
- बालबालिकाहरुलाई सुरक्षित र उपयुक्त भौतिक व्यवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त हुने
- विद्यार्थी सङ्ख्या कम भएको क्षेत्रमा आवासीय विद्यालयको पूर्वाधारको विकास भई विद्यालय सञ्चालन भएको हुने

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकासका लागि निर्माण गर्न आवश्यक मापदण्ड र स्तरीकरणका सूचक | ३ | ३ | ३ | ३ | २ | २ |
| २ | भूकम्प प्रतिरोधि तथा सुरक्षित र उपयुक्त विद्यालय सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | २ |
| ३ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | १२ | ८ | ८ | ८ | ८ |
| ४ | सबलीकरण तथा मर्मत सम्भार गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ० | ० | २ | २ | ३ | ४ |
| ५ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | ३ | २ | १ | १ | १ |
| ६ | सबलीकरण तथा मर्मत सम्भार गर्नुपर्ने शौचालय सङ्ख्या | ० | ० | ३ | ३ | ३ | ३ |
| ७ | प्राकृतिक प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | १ | ० | २ | २ | २ | १ |
| ८ | विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना भएको विद्यालय सङ्ख्या | | | | | | |

### ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | सुरक्षित पूर्वाधार विकास मापदण्ड निर्माण | वटा | ० | १ | | | | १ | |
| २ | विद्यालय खाजा घर निर्माण | वटा | ० | २ | २ | २ | २ | ८ | |
| ३ | विद्यालय कक्षाकोठा निर्माण | वटा | ० | ८ | ८ | ८ | ८ | ३२ | |
| ४ | स्वच्छ खानेपानीको धारा निर्माण | वटा | | | | | | | |
| ५ | पानी र सरसफाइको व्यवस्था सहितको शौचालय निर्माण | वटा | १ | २ | २ | २ | २ | ९ | |
| ६ | विद्यालयमा आवश्यक फर्निचर व्यवस्थापन | विद्यालय | ० | ३ | ३ | ३ | ३ | १२ | |
| ७ | विद्यालय घेराबार निर्माण | विद्यालय | | | | | | | |
| ८ | विद्यालयहरूमा बनेका संरचनाको संबर्द्धन तथा मर्मत सम्भार | विद्यालय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | विद्यालय खेलमैदान निर्माण | विद्यालय | | | | | | | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

अहिलेको युग विज्ञान र प्रविधिको युग हो । विश्वव्यापीकरणको अहिलेको युगमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग अनिर्वार्य र अपरिहार्य छ । विश्व श्रम बजारले अहिले सूचना तथा सञ्चार प्रविधिमा दक्षता हासिल गरेका जनशक्ति माग गरिरहेको छ । व्यक्ति साक्षर बन्नका लागि पनि डिजिटल रुपमा साक्षर हुनुपर्ने प्रावधान आइसकेको अवस्थामा प्रतिस्पर्धी, श्रमवजारको माग अनुरुपको जनशक्ति उत्पादनको लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिमा जोड दिनु अपरिहार्य छ । विद्यालय शिक्षाको गुणस्तर सुधार गरी सहरी तथा ग्रामीण, सुगम तथा दुर्गम र निजी तथा सामुदायिक विद्यालयहरूबीच देखिएको शैक्षिक गुणस्तरको दुरी घटाउन एवम् विश्व ज्ञान भण्डारमा विद्यार्थीको पहुँच विस्तार गरी उनीहरूको सिकाइको दायरा फराकिलो पार्न, विशेष गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधार गर्न, सिकाइ सामग्रीको प्रयोगमा पहुँच बढाउन र शैक्षिक प्रशासन र व्यवस्थापनलाई सुदृढ तुल्याउन वर्तमान समयमा सूचना तथा सञ्चार प्रविधि अपरिहार्य रहेको छ ।

नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ । यसैगरी डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial/GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गरेको छ । यति मात्र होइन नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुर्‍याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थपनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । यी सबै तथ्य तथा प्रावधानहरुलाई ध्यानमा राखि आजको युग सुहाउँदो शैक्षिक क्रियाकलाप सञ्चालनका लागि विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई अनिवार्य, व्यवस्थित र प्रभावकारी बनाउनका लागि विभिन्न कार्यक्रमहरु यस खण्डमा समावेश गरिएको छ ।

### ४.७.१ वर्तमान अवस्था

यस भगवतीमाई गाउँपालिकामा सञ्चालित ८ वटा माध्यमिक र २४ वटा आधारभूत विद्यालय गरी जम्मा ३२ वटा विद्यालयहरुमध्ये ७ वटा माध्यमिक विद्यालय र ३ वटा आधारभूत विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना गरिएको छ। यसैगरी १ वटा माध्यमिक र ४ वटा आधारभूत विद्यालयहरुमा सामान्य रुपमा कम्प्युटर तथा प्रिन्टरहरु प्रशासनिक कामकाजका लागि प्रयोग हुदै आएका छन् भने १७ विद्यालयमा हालसम्म पनि सूचना तथा सञ्चार प्रविधिका कुनैपनि साधनहरु उपलब्ध भएको छैन । गाउँपालिकाका ५ वटा माध्यमिक र ७ वटा आधारभूत विद्यालय गरी जम्मा १२ वटा विद्यालयमा मात्र विद्युत सेवाको पहुँच पुगेको छ भने ८ वटा माध्यमिक र २३ वटा आधारभूत विद्यालयहरुमा इन्टरनेट सेवा विस्तार भएको छ । यसैगरी २ वटा विद्यालयहरुमा

प्रोजेक्टरको माध्यमबाट १ वटा विद्यालयमा डिजिटल बोर्डको माध्यमबाट माध्यमले शिक्षण सिकाइ गर्न थालिएको छ । सूचना प्रविधि प्रयोगशाला भएका सबै विद्यालयहरुमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेको डिजिटल सामग्रीहरु शिक्षण सिकाइका क्रममा प्रयोग हुँदै आएका छन् भने बाँकी विद्यालयहरुले पनि मोवाइल तथा ल्यापटपको माध्यमबाट सिकाइ चौतारी तथा पाठ्यक्रम विकास केन्द्रको इ-लाइबेरी प्रयोग गर्दै आएका छन्। यति हुँदाहुदै पनि विविध समस्याका कारण समग्रमा यस गाउँपालिका विद्यालयहरुमा सुचना तथा सञ्चार प्रविधिको अपेक्षाकृत रुपमा प्रयोग र व्यवस्थापन हुन सकिरहेको छैन । यस गाउँपालिकाले विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा स्तरीयता ल्याउनका लागि विद्यालयमा सोलार, इन्टरनेट तथा कम्प्युटर वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेको छ।

**चुनौतीहरुः**

- सबै विद्यालयमा नियमित रुपमा विद्युतीय सेवाको पहुँच विस्तार गर्नु
- सबै विद्यालयमा नियमित र भरपर्दो इन्टरनेट सेवाको पहुँच विस्तार गर्नु
- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना र सञ्चालन गर्नु
- सबै शिक्षक तथा कर्मचारीहरुलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्नु
- विद्यालयमा छुट्टै कम्प्युटर प्रविधि विषयको शिक्षक व्यवस्थापन गर्नु
- नेपाल सरकारले विकसित गरेका डिजिटल सिकाइ सामग्रीहरुलाई शिक्षण सिकाइमा प्रयोग गर्नु
- कक्षाकोठाको वातावरण डिजिटल प्रविधिमैत्री बनाउनु

**अवसरहरुः**

- आधारभूत तथा माध्यमिक विद्यालय गरी ४५ प्रतिशत विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका साधनहरु उपलब्ध हुनु
- CEHRD तथा पाठ्यक्रम विकास केन्द्रले निःशुल्क रुपमा डिजिटल सिकाइ सामग्रीहरु विकास गर्नु
- सूचना प्रविधिका सामग्री व्यवस्थापनमा तिनै तहका सरकारले लगानी बढाउनु
- शिक्षकहरु स्वचालित रुपमा सूचना तथा सञ्चार प्रविधिसँग नजिक हुनु
- डिजिटल सिकाइ सामग्री प्रयोगका माध्यमबाट शिक्षण गर्दा विद्यार्थीहरु उत्प्रेरित हुनु र सिकाइ दिगो हुनु
- गाउँपालिकाले सूचना प्रविधि स्रोत शिक्षकका लागि वार्षिक रुपमा तालिम सञ्चालन गर्नु

### ४.७.२ उद्देश्य

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु

### ४.७.३ रणनीतिहरु

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि सबै शिक्षकहरूको क्षमता विकास गर्ने
३. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
४. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
५. शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने
६. शिक्षाका विभिन्न सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने
७. कम्प्युटर पुस्तकालय तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहिन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृष्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने

### ४.७.४ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

- विद्यालयमा सुचना तथा सञ्चार प्रविधिको प्रयोगले विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुने
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सिकाइ उपलब्धिमा सुधार भएको हुने

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्युत सेवाको भरपर्दो पहुँच पुगेका विद्यालय सङ्ख्या | | | | | | |
| २ | इन्टरनेट सेवाको भरपर्दो पहुँच पुगेका विद्यालय सङ्ख्या | | | | | | |
| ३ | सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भएका विद्यालय सङ्ख्या | | | | | | |
| ४ | डिजिटल सिकाइ सामग्रीमा विद्यार्थीको सहज पहुँच भएका विद्यालय सङ्ख्या | | | | | | |
| ५ | शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग भएका विद्यालय सङ्ख्या | | | | | | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक क्षमता विकास तालिम प्राप्त गर्ने शिक्षक सङ्ख्या | | | | | | |
| ७ | सिकाइमा डिजिटल सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ८ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली अद्यावधिक गर्ने विद्यालय | | | | | | |
| ९ | प्रशासनिक तथा व्यवस्थापकीय कार्यमा | | | | | | |

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |

### ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रत्येक विद्यालयमा ICT संरचना विस्तार | विद्यालय | ७ | ४ | ३ | ३ | ३ | २० | |
| २ | विद्यालयमा विद्युत जडान तथा सञ्चालन | विद्यालय | | | | | | | |
| ३ | प्रत्येक विद्यालयमा Internet Connectivity तथा सञ्चालन अनुदान | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | सूचना प्रविधि स्रोत शिक्षक क्षमता विकास | जना | १५ | १५ | १५ | १५ | १५ | ६० | |
| ५ | EMIS अध्यावधिक सम्बन्धी शिक्षक/कर्मचारी क्षमता विकास | जना | ३२ | ३२ | ३२ | ३२ | ३२ | १६० | |
| ६ | शिक्षण सिकाइमा श्रव्य दृष्य सामग्री प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ७ | डिजिटल विद्यालय घोषणा कार्यक्रम | पटक | | | | १ | | १ | |

# परिच्छेद ५: सुशासन तथा व्यवस्थापन

सङ्घीयताको कार्यान्वयन संगै नेपालको शिक्षा क्षेत्रको संरचना तीनै तहमा कायम गरिएको छ । बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रकृया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्द्धन गर्नु आवश्यक देखिएको छ । यद्यपि यस योजना निर्माणको अवधि सम्म पनि सङ्घीय शिक्षा ऐन जारी हुन सकेको छैन ।

नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहका एकल र साझा अधिकारको व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय तहका २३ वटा अधिकारहरूको व्यवस्था गरिएको छ । विभिन्न ऐन र कानुनमार्फत स्थानीय तहका अधिकारहरूलाई स्पष्ट पारेको छ । नेपालमा शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचनातर्फ दृष्टिगत गर्दा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । सो अन्तर्गत शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग पनि क्रियाशील छन् । साविकमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका रहेका २९ शैक्षिक तालिम केन्द्रमध्ये ७ वटा केन्द्र प्रदेश मातहतमा हस्तान्तरण भई प्रदेश शिक्षा तालिम केन्द्रका रूपमा क्रियाशील रहेका छन् ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि ऐन बमोजिम तोकिएका २३ वटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ राखिएको छ । प्रत्येक स्थानीय तहमा शिक्षा युवा तथा खेलकुद महाशाखा / शाखाको व्यवस्था गरिएको छ ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

**तालिका नं ९**

**स्थानीय तहको सङ्गठन सरचनामा शिक्षा क्षेत्रको अवस्था तथा जनशक्ति विवरण**

| क्र.स | पद/तह | सेवा /समुह/उपसमुह | सङ्ख्या | पदपूर्ति | सेवा /समुह/उपसमुह | पदपुर्तिको अवस्था | पदपुर्ति प्रक्रिया |
|---|---|---|---|---|---|---|---|
| १ | अधिकृत सातौं/ आठौं | नेपाल शिक्षा /शिक्षा प्रशासन | १ | अधिकृत छैठौं | नेपाल शिक्षा /शिक्षा प्रशासन | पदपुर्ति | समायोजन |
| २ | सहायक पाचौं | नेपाल शिक्षा /शिक्षा प्रशासन | १ | प्रा.स पाँचौ | नेपाल शिक्षा /शिक्षा प्रशासन | पदपुर्ति | काज |
| ३ | | | १ | अधिकृत रा.प.द्वि.सरह | नेपाल शिक्षा /शिक्षा प्रशासन | पदपुर्ति | करार |

भगवतीमाई गाउँपालिका अन्तर्गत रहेका शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना शिक्षा अधिकृत र एक जना प्राविधिक सहायकको दरबन्दीमा कार्यरत जनशक्तिद्वारा काम भैरहेको छ ।शिक्षा स्रोतविज्ञलाई करार सेवामा लिई विद्यालय अनुगमन, सुपरीवेक्षणको तथा शिक्षक सहयोग कार्य भैरहेको छ । सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एकएक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक सङ्घको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । यस गाउँपालिका अन्तर्गतका करिब ६ प्रतिशत विद्यालयहरुले नियमिति सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण नियमित गर्ने गरेका छैनन् ।

यस योजना कार्यान्वयनका लागि गाउँ कार्यपालिका, गाउँसभा, गाउँपालिका शिक्षा समिति, वडा शिक्षा समिति, गाउँपालिका शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय तथा शिक्षा शाखा मातहतका विभिन्न समितिहरू मुख्य संयन्त्रका रूपमा रहेका छन् । शिक्षा योजनामा उल्लेख नीति तथा कार्यक्रमहरूको सफल कार्यान्वयनका लागि सरोकारवालाको क्षमता विकास हुन जरुरी हुन्छ । योजनामा उल्लेखित नीति तथा कार्यक्रमको स्पष्टता बिना सफल कार्यान्वयन हुन सक्दैन

**चुनौतीहरु**

- तीनवटै तहका विभिन्न निकायहरूबिचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर हुनु
- कार्यविधि तथा निर्देशिकाको अभावमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रदान गरेका शिक्षा सम्बन्धी कार्यहरुको कार्यान्वयन गर्न
- विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ लगायत सरोकारवालाहरुलाई जिम्मेवार र जवाफदेही बनाउन
- विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण कार्य प्रभावकारी बनाउन
- शिक्षकलाई पेसागत रुपमा सहयोग पुर्‍याउन

**अवसरहरु**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी २३ अधिकार प्रदान गर्नु

- गाउँपालिका स्तरमा गाउँ कार्यपालिका तथा गाउँ शिक्षा समिति र विद्यालय स्तरमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावा संघ जस्ता संरचनाहरु हुनु
- कार्यक्रम कार्यान्वयनका लागि गाउँपालिकाको कार्यालयमा विभिन्न शाखा तथा कर्मचारीहरु हुनु
- गाउँपालिकाले शिक्षा सम्बन्धी कार्यक्रमको अनुगमन निरीक्षण गर्न तथा शिक्षकको पेसागत सहयोगका लागि शिक्षा स्रोत व्यक्तिको व्यवस्था गर्नु
- प्रत्येक गाउँ र टोलमा विद्यालय स्थापना भई पठनपाठन गराउनु ।

### ५.१.२ उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,

२. गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,

३. जनशक्तिलाई नतिजाप्रति उत्तरदायी र जवाफदेही बनाउनु,

४. कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ५.१.३ रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,

२. शैक्षिक कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्थानीय ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गर्ने

३. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,

४. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,

५. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,

६. शिक्षा स्रोतविज्ञद्वारा विद्यालयको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण गराउने,

७. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने ।

८. जनशक्तिको प्रेरणात्मक विकासको लागि कार्यक्रम सञ्चालन गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा प्रमुख क्रियाकलापा र  लक्ष्य

**उपलब्धिः**

१. शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा तथा ऐन, नियमावली, कार्यविधि तथा निर्देशिकाहरु निर्माण भई कार्यन्वयन भएको हुने ।

२. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास भएको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधारवर्ष २०८१ | २०८१/८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | | | | | | |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |
| ६ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | |

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | शैक्षिक कार्य कार्यन्वयनका लागि आवश्यक कानुन निर्माण तथा कार्यान्वयन | | | | | | | | |
| २ | संस्थागत संरचनाहरू गठन, पुनर्गठन | | | | | | | | |
| ३ | प्रधानाध्यापक र वि.व्य.स बीच कार्यसम्पादन करार गराई नतिजाप्रति जिम्मेवार र जवाफदेही बनाउने | | | | | | | | |
| ४ | शिक्षाका संरचनामा सम्बद्ध पदाधिकारीहरूको क्षमता विकास (वि.व्य.स, सि.अ.संघ र वडा शिक्षा समिति सम्बद्ध पदाधिकारी) | | | | | | | | |
| ५ | प्रधानाध्यापक तथा शिक्षा शाखा कर्मचारीको क्षमता विकास तालिम | | | | | | | | |
| ६ | प्रत्येक विद्यालय गुनासो संयन्त्र तथा गुनासो व्यवस्थापन | | | | | | | | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथ्याङ्क बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई संघ प्रदेश तथा स्थानीय सरकार क्रियाशील भएको लामो समय बितिसकेको छ । तापनि राज्य प्रणालीलाई सङ्घीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ।

### ५.२.१ वर्तमान अवस्था

यस भगवतीमाई गाउँपालिका अन्तर्गत शैक्षिक कार्यक्रमहरु कार्यन्वयनका लागि शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । एक जना शिक्षा अधिकृत, एक जना प्राविधिक सहायकको दरबन्दीमा कार्यरत जनशक्तिद्वारा काम भैरहेको छ । शिक्षा योजना निर्माणपश्चात् सो योजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आवश्यक जनशक्ति व्यवस्थापन, कानुन कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, तीन तहका सरकारबिचको समन्वय र सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजना निर्माण, अनुगमन योजना निर्माण, कार्यक्रम कार्यान्वयन कार्यविधि तयारी, विभिन्न सरोकारवालाहरूलाई कार्यक्रमहरूको बारेमा प्रबोधीकरण जस्ता कार्यक्रमहरू आवश्यक देखिन्छ । यस शिक्षा योजनाको कार्यान्वयनको लागि भगवतीमाई गाउँ कार्यपालिका तथा शिक्षा शाखाले मुख्य रूपमा भूमिका निर्वाह गर्नेछन् भने विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक, वडा कार्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वडा शिक्षा समिति, लगायत गाउँपालिकाका अन्य विषयगत शाखाहरूको समेत उल्लेख्य भूमिका रहनेछ ।

### ६.२.२ उद्देश्य

१. शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.३ रणनीतिहरू

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।

२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका निर्माण गर्ने।

३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।

४. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने।

५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

६. विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक गर्न लगाउने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तीकरण र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

प्रमुख नतिजाः

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

### ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | | |
| २ | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको निर्माण | पटक | ० | १ | ० | ० | ० | | |
| ३ | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | ० | १ | ० | १ | ० | | |
| ४ | विद्यालय सुधार योजना निर्माण तथा एवम् अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तर्क्रिया | पटक | ० | १ | १ | १ | १ | | |
| ६ | योजनाको आवधिक समिक्षा र अद्यावधिक गर्ने | पटक | ० | ० | ० | ० | १ | | |

# परिच्छेद ६:लगानी र स्रोत व्यवस्थापन

राज्यले सबै नागरिकहरूलाई आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क उपलब्ध गराउने संवैधानिक प्रावधान गरेको छ । आधारभूत तथा माध्यमिक तह सम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रारम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाई केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलब्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गर्नुपर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याइ तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नुपर्नेछ । आर्थिक तथा सामाजिक विकास लागि गाउँपालिकाले आन्तरिक तथा वित्तीय हस्तान्तरण भई आएका विभिन्न स्रोतबाट बजेटको सुनिश्चित गरिएको छ । शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो भन्ने मान्यतालाई गाउँपालिकाले आत्मसात् गरी बजेटमा प्राथमिकता प्रदान गर्दै आएको छ । सर्सत र निसर्त अनुदानबाट बजेट तथा कार्यक्रम सञ्चालन गर्न सकिने संवैधानिक तथा नीतिगत व्यवस्था रहेको छ ।

## ६.१ वर्तमान अवस्था

विश्वव्यापी रूपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिबद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमशः घट्दै गइरहेको पाइन्छ । ससर्त अनुदानको रूपमा प्राप्त हुने केन्द्रीय अनुदानको ९५ प्रतिशत भन्दा बढि रकम शिक्षक तलब भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । स्थानीय सरकारका कार्यक्रमहरू गुणस्तर अभिवृद्धि र क्षमता विकासमा केन्द्रित रहेका छन । विद्यार्थी सङ्ख्याका आधारमा एकाइ लागत विश्लेषण गर्दा शिक्षक तलब भत्ता र अभिभावकको प्रत्यक्ष लागनी बाहेक पालिका क्षेत्रमा अध्ययनरत विद्यार्थीको प्रति विद्यार्थी लागत १२ हजार २ सय ७९ रहेको छ ।

पञ्चवर्षीय गाउँ शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन । अभिभावक र समुदायको भूमिका परिपूरकको रूपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सघं सस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रूपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि पर्याप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक

गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलब्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ।

**चुनौतीहरु**

- सीमित स्रोत साधन र असीमित आवश्यकताको सम्बोधन गर्नु
- कमजोर पूर्वाधारको विस्थापन गरी सुविधासम्पन्न पूर्वाधारको निर्माण गर्नु
- कार्यान्वयन संयन्त्रको क्षमता विकास र सबलीकरण गर्नु

**अवसरहरु**

- नेपालको संविधान र सोको कार्यान्वयनका लागि बनेका ऐन, नियमावली, नीति तथा कार्यक्रममार्फत प्राप्त अधिकार र संरचनाहरूको विकास हुनु
- शिक्षालाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखु
- संघीय सरकारबाट शैक्षिक कार्यक्रमहरु कार्यान्वयनका लागि अनुदान प्राप्त हुनु

## ६.२ उद्देश्य

१. योजना अवधिका लागि शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु
२. पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु
४. खर्चको प्रक्रिया र दायित्व स्पष्ट गर्नु

## ६.३ रणनीतिहरू

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट लगानी गरिने
२. आफ्नो तह भित्रको लक्षित शैक्षिक पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानीको व्यवस्था गरिने
३. स्रोतको उपयोग गर्ने विद्यालयलाई जबाफदेही बनाइने
४. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गरिने
५. शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिने
६. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिने
७. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाइने

## ६.४ प्रमुख उपलब्धि

**उपलब्धिः**

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुने।
२. वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ हुने ।

### ६.५ प्रमुख क्रियाकलाप र लक्ष्य

**(क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन र | | | | | | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| | विकास | | | | | | | |
| ९ | शिक्षामा समता र समावेशीकरण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | | | | | | | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | | | | | | |

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | | | | | | | |
| जम्मा | | | | | | | | |

**(ख) प्रदेश सरकारबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | | | | | | |
| ९ | शिक्षामा समता र समावेशीकरण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | | | | | | | |

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | | | | | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | | | | | | | |
| जम्मा | | | | | | | | |

**(ग) स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | | | | | | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | | | | | | |
| ९ | शिक्षामा समता र | | | | | | | |

| क.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| | समावेशीकरण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | | | | | | | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | | | | | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | | | | | | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | | | | | | | |
| जम्मा | | | | | | | | |

**(अ) अन्य संघसस्थाबाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| २ | आधारभूत शिक्षा | | | | | | | |
| ३ | माध्यमिक शिक्षा | | | | | | | |
| ४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | | | | | | | |
| ५ | अनौपचारिक र आजीवन शिक्षा | | | | | | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | | | | | | | |
| ७ | शिक्षक व्यवस्थापन र विकास | | | | | | | |
| ९ | शिक्षामा समता र समावेशीकरण | | | | | | | |
| १० | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | | | | | | | |
| ११ | विद्यालय सुरक्षा विपद न्युनिकरण तथा उत्थानशीलता | | | | | | | |
| १२ | विद्यालय भौतिक पूर्वाधार विकास | | | | | | | |

| क्र.स | अनुदान प्राप्त हुने उपक्षेत्र/ विषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१।०८२ | २०८२।०८३ | २०८३।०८४ | २०८४।०८५ | २०८५।०८६ | | |
| १३ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | |
| १४ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | | | | | | | |
| १५ | स्थानीय तहको शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | | | | | | | |
| १६ | अनुगमन तथा मूल्याङ्कन | | | | | | | |
| जम्मा | | | | | | | | |

**६.७ योजना कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना निर्माण तथा कार्यान्वयन**

**६.८ शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा विभिन्न क्षेत्रबाट ५ वर्षको अवधिमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | वित्तिय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सरकार | | | |
| २ | प्रदेश सरकार | | | |
| ३ | स्थानीय सरकार | | | |
| ४ | अभिभावक तथा समुदाय | | | |
| ५ | सङ्घ संस्था तथा दातृनिकाय | | | |

| क्र.स. | वित्तिय श्रोतको व्यवस्थापन | कूल बजेट | जम्मा हिस्साको प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| ६ | स्थानीयदाता तथा अन्य श्रोत परिचालन | | | |
| ७ | अपुग रकम | | | |
| | **जम्मा** | | | |

# परिच्छेद ७: अनुगमन तथा मूल्याङ्कन

नेपालमा आ.व. २०३२/०३३ देखि विकास आयोजनाहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने व्यवस्थाको सुरुवात भयो । आठौं योजना २०४९/०५४ देखि अनुगमन तथा मूल्याङ्कन को एउटा पद्धतिको रूपमा मजबुत गर्ने कार्य गरियो । यस योजनामा विगतका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्थामा देखिएका कमीकमजोरीहरूमा सुधार गरी संस्थागत व्यवस्था , उच्च राजनैतिक तहको प्रतिबद्धता र उपलब्धि मूल्याङ्कनको व्यवस्थासहितको बलियो अनुगमन तथा मूल्याङ्कन प्रणाली लागु गरियो ।

अनुगमन भन्नाले कुनैपनि कार्यक्रम कार्यान्वयनका लागि विशेषतः शैक्षिक योजना तथा कार्यक्रमहरू के कति रूपमा भए ? त्यसको लक्षित प्रतिफल योजना अनुरूप ठीक सँग भइरहेका छन् वा छैनन ? भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अद्यावधिक गरी निगरानी राख्ने कार्य हो । मूल्याङ्कन भन्नाले कुनै शैक्षिक कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरू कति सान्दर्भिक ,सक्षम, लाभदायक र प्रभावकारी देखिएका छन भन्नेबारे व्यवस्थित रूपबाट मापन गरी लेखाजोखा गर्ने कार्य हो ।यहाँ भन्न खोजिएको तथ्य अनुगमन तथा मूल्याङ्कन को मुख्य उद्देश्य गाउँ शिक्षा योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले किटान गरेका प्रत्येक सेवा प्रवाह का तहका लक्ष्य तथा उद्देश्य अनुरूपका उपलब्धिहरू पत्ता लगाई ती सूचकका आधारमा निर्णय प्रक्रियालाई सहयोग गरी प्रवाह सुधार गर्नु हो ।

## ७.१ वर्तमान अवस्था

ऐन,नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मूल्याङ्कन गर्ने कार्यहरू नियमित रूपमा भैरहेका छन् । सङ्घमा शिक्षा तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानवस्रोत विकास केन्द्रले अनुगमन तथा मूल्याङ्कनका कार्यको समन्वय को काम गर्दछ । यस गाउँपालिकामा शिक्षा सम्बन्धी आयोजना तथा कार्यक्रमहरु जनप्रतिनीधि र सम्बन्धित विषयका प्राविधिकहरु मार्फत अनुगमन तथा मूल्याङ्कनको कार्य हुने गरेका छन । भने विद्यालयस्तरको शैक्षिक गतिविधि तथा शिक्षक सहयोगको कार्यको शिक्षा शाखामा कार्यरत कर्मचारी तथा शिक्षा स्रोतविज्ञद्वारा भैरहेका छन्।

यस शिक्षा योजनाको कार्यान्वयनसंगै गाउँ शिक्षा योजना सरोकारवालाहरूलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्बन्धीत निकायबाट अनुगमन गरिनेछ । शिक्षासँग सम्बन्धित व्यक्ति तथा विषयविज्ञबाट शिक्षकलाई पेसागत सहयोग पुग्नेगरी सुपरीवेक्षण गरिने छ भने अन्य संरचनागत

अनुगमनबाट प्रशासनिक तथा व्यवस्थापन क्षेत्रको अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपसिल बमोजिम हुनेछ ।

| क्र.स | अनुगमन गर्ने निकाय | जिम्मेवारी | अनुगमन समय | कैफियत |
|---|---|---|---|---|
| १ | विद्यालय | प्रधानाध्यापक | | |
| २ | वि व्य स | अध्यक्ष/सदस्य | | |
| ३ | शिक्षक अभिभावक संघ | अध्यक्ष/सदस्य | | |
| ४ | वडा कार्यालय | सम्बद्ध कर्मचारीहरु | | |
| ५ | वडा शिक्षा समिति | अध्यक्ष तथा पदाधिकारीहरु | | |
| ६ | शिक्षा शाखा | शिक्षा शाखा तथा सम्बद्ध कर्मचारीहरु | | |
| ७ | गाउँ कार्यपालिकाको कार्यलय | प्रमुख पदाधिकारी तथा कार्मचारीहरु | | |
| ८ | गाउँ शिक्षा समिति | अध्यक्ष तथा पदाधिकारीहरु | | |
| ९ | पालिकास्तर विज्ञ समुह | विषयविज्ञ तथा स्रोतविज्ञ | | |
| १० | शिक्षा विकास तथा समन्वय इकाइ | इकाइ प्रमुख तथा कर्मचारीहरु | | |
| ११ | जिल्ला समन्वय समिति | प्रमुख तथा पदाधिकारीहरु | | |
| १२ | सामाजिक विकास कार्यालय/शिक्षा विकास निर्देशनालय | प्रमुख, पदाधिकारीहरु तथा कर्मचारीहरु | | |
| १३ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | कर्मचारीहरु | | |
| १५ | नागरिक समाज तथा गैर सरकारी संघसंस्थाहरु | प्रमुख, पदाधिकारीहरु तथा कर्मचारीहरु | | |

## ७.२ उद्देश्य

१. वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयारी र कार्यान्वयन गर्नु
२. स्थानीय तहका शिक्षा शाखाको क्षमता विकास गर्नु
३. आवश्यकता अनुसार कानुन, मापदण्ड र निर्देशिका, कार्यविधि विकास गर्नु
४. शिक्षण सिकाइमा आवश्यक सहयोग तथा अनुभव आदान प्रदानका लागि स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्नु
५. विद्यालय तथा सामुदायिक अध्ययन केन्द्रहरूले योजना बनाई शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नु

६. प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु
७. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली बनाउनु
८. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु
९. योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु

**७.३ रणनीतिहरू**

१. एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र उपयोग गरिने छ ।
२. अनुगमन, मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग गरिने छ ।
३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरिने छ ।
४. राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकता अनुसार स्थानीय सूचकहरूलाई समेत सूचना प्रणालीमा आवद्ध गरिने छ ।
५. योजनाका आगत (Input), प्रक्रिया (Process), परिणाम (Output), उपलब्धि (Outcome) र प्रभाव (Impact) समेतको अनुगमन तथा मूल्याङ्कनका लागि संरचना र जनशक्तिको प्रबन्ध गरिने छ ।
६. प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिने छ ।
७. अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई उपयोग गरिने छ ।
८. कुल बजेटको निश्चित हिस्सा अनुगमन तथा मूल्याङ्कनमा छुट्याई नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको अवलम्बन गरिने छ ।
९. सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरिने छ ।
१०. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिने छ ।
११. पुरस्कार र दण्ड प्रणालीको विकास गरिने छ ।

**७.४ प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धिः**

१. प्रभावकारी अनुगमनको माध्यबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल भएको हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुनेछ ।

**नतिजाः**

१. नतिजा तथा सूचकमा आधारित अनुगमन प्रणाली स्थापित हुने
२. अनुगमनका आधारमा नतिजा सुधार हुने

३. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुने
४. विद्यार्थी उपलब्धि परीक्षणका नतिजाका आधारमा सुधार गर्ने परिपाटी स्थापित हुने
५. विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने

### ७.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | ० | ० | ० | | |
| २ | आफुले कार्यान्वयन गरेका कार्यक्रमहरूको नियमित अनुगमन गर्ने | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | कार्यक्रम कार्यान्वयनको पारदर्शिताका लागि शैक्षिक बुलेटिन/स्थीति प्रतिवेदन/प्रगति प्रगतिवेदन प्रकाशन | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | कक्षा १ देखि ३ सम्मका बालबालिकाको पठन सीप परीक्षणका लागि कक्षाकोठामा आधारित पठन सीप परीक्षण (CB-EGRA) सञ्चालन गर्ने | ० | ० | १ | १ | १ | ० | | |

| क्र. सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य ( ५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| ७ | विद्यालयको कार्यसम्पादन मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | | |
| ८ | विद्यालयहरूको सामाजिक परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | विद्यालयहरूको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | | |
| १० | रोष्टर विशेषज्ञहरूको व्यवस्थापन र परिचालन | पटक | नियमति | नियमित | नियमित | नियमित | नियमित | | |
| ११ | विज्ञ समूह तथा शिक्षक सिकाइ समूह मार्फत विद्यालय अनुगमन तथा सुपरीवेक्षण | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १२ | प्रधानाध्यापक विद्यालय तथा कक्षाकोठा अनुगमन तथा सुपरीवेक्षण | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |
| १४ | स्रोतविज्ञद्वारा विद्यालय सुपरीवेक्षण तथा प्रतिवेदन | प्रति महिना | १० | १० | १० | १० | १० | | |
| १५ | शैक्षिक पात्रो प्रकाशन तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| १६ | गाउँपालिकाद्वारा विद्यालय अनुगमन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | | |

## अनुसुचीहरु

### सन्दर्भ सामग्रीहरू

- नेपालको संविधान
- विद्यालय शिक्षा क्षेत्र योजना (SESP)
- स्थानीय तहको योजना निर्माण मार्गदर्शन २०७९ (परिमार्जित तथा अध्यावधिक संस्करण २०८१)
- राष्ट्रिय शिक्षा नीति, २०७६
- प्रारम्भिक बालविकास  सम्बन्धी न्यूनतम मापदण्ड २०६७ पहिलो संशोधन, २०७५
- लागत सहभागिता मापदण्ड, २०७७
- भगवतीमाई गाउँपालिका शिक्षा ऐन २०७९
- फ्ल्यास रिपोर्ट, २०८०
- शिक्षक पेसागत विकास प्रारुप (परिमार्जित संस्करण) २०८०
- सोह्रौ योजना २०८१-२०८२ देखि २०८५-२०८६
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५
- बालविकास रणनीति २०७७-२०८८
- विद्यालय अनुदान व्यवस्थापन निर्देशिका २०७५
- गुनासो सुनुवाइ कार्यविधि २०७७
- अक्षरांकन निर्देशिका २०७८
- विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५
- भगवतीमाई गाउँपालिकाको आवधिक योजना,२०८१
- भगवतीमाई गाउँपालिकाको वार्षिक शैक्षिक स्थीति प्रतिवेदन २०८०